Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३७, २०७७ साल जेठ २७ गते मंगलबार (June 9, 2020) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)
मोबाइलः ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# नेपाली भूमि फिर्ता ल्याउन सरकारलाई दवाव

- भूमि फिर्ता गर्न माग गर्दै युवहरुको प्रदर्शन ।
- सिमा नाकामा पर्खाल लगाउन माग ।
- लिम्पियाधुरा नयाँ नक्सामा ।

काठमाडौं । लिम्पियाधुरासम्म प्रशासनिक नक्शा भारतले सार्वजनिक गरेपछि नेपालमा त्यसको विरोध चर्किदै आएको छ । नेपालको भूमि भारतीय नक्सामा राखेपछि देशभक्त युवाहरु भूमि फिर्ता ल्याउन सरकारलाई चर्को दवाव दिइ रहेका छन् । भारत विरोधी अभियान नेपालमा चर्कि रहेका वेला युवाहरुले भने सिमा नाकामा पर्खाल लगाउन माग गरेका छन् । यता भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री पद्माकुमारी अर्यालले नेपालका केही भूभाग भारत सरकारसँग द्विपक्षीय वार्ता र कूटनीतिक प्रयासबाट फिर्ता ल्याइने बताउनुभएको छ । प्रतिनिधि सभाको बैठकमा आर्थिक वर्ष २०७७/०७८ को बजेटमा मन्त्रालयबारे उठेका प्रश्नको जवाफमा उहाँले सिमाना सम्बन्धी समस्या समाधान गर्न दुवै देशका प्राविधिक सम्मिलित संयुक्त सीमा कार्य समूहले काम गरिरहेको जनाउँदै द्विपक्षीय वार्ता र कूटनीतिक प्रयासमार्फत समस्या समाधान गरिने बताउनुभयो । राष्ट्रको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्न देशको सिमानाको स्पष्ट अभिलेख महत्वपूर्ण हुन्छ, सोका लागि देशको सम्पूर्ण भूभाग स्पष्टसँग देखिने नक्सा प्रकाशन गरी प्रचलनमा ल्याउन अत्यन्त आवश्यक छ", मन्त्री अर्यालले भन्नुभयो, "विगतमा नेपालको नक्शामा छुटचाइएका गुन्जी, नाभी, कुटी लगायतका भूभाग समेत समेटी देशको सिमानाभित्र पर्ने गरी तथा काली नदीको उद्गमस्थल लिम्पियाधुरासम्म नक्शामा देखिने गरी नेपालको अद्यावधिक प्रशासनिक नक्शा तयार गरी प्रकाशन गर्ने काम भइसकेको छ ।"

अर्को प्रसङ्गमा मन्त्री अर्यालले भूमिहीन, सुकुम्बासी, दलित, मुक्तकमैया, हलिया, हरुवाचरवा, कम्लहरीलगायत पिछडिएका र सीमान्तकृत वर्गको भूमि स्रोतमा पहुँच पुऱ्याइने र अव्यवस्थित बसोबासको व्यवस्थापन गरिने स्पष्ट पार्नुभयो ।

भूउपयोग गरी उत्पादकत्व र आर्थिक वृद्धि हासिल गरिने तथा जग्गालाई उपयोगविहीन र बाँझो रहन नदिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । सरकारी, सार्वजनिक, गुठीलगायत जग्गाको व्यवस्थित लगत तयार गर्ने, त्यस्ता जग्गाको अतिक्रमण हुन नदिने र समुचित उपयोग सुनिश्चित गरिने योजना रहेको उहाँले जानकारी दिनुभयो । मन्त्री अर्यालले नेपाल र नेपालीको राष्ट्रिय गौरवको प्रतीक सगरमाथाको सर्वेक्षण र उचाइ मापन विगतमा विभिन्न राष्ट्रले आआफ्नै किसिमले गर्ने गरेको पाइएको जानकारी दिँदै नेपालले अहिलेसम्म उचाइ मापन नगरेको कुरातर्फ ध्यानाकर्षित भई इतिहासमा पहिलो पटक आफ्नै स्रोतसाधन र सीपबाट मापनको फिल्ड कार्य सम्पन्न भएको सदनलाई जानकारी दिनुभयो ।

मन्त्री अर्यालले २६ जिल्लाका घरपरिवार सर्भेक्षण गरी गरीब पहिचान गर्ने कार्य सम्पन्न भई परिचयपत्र वितरण शुरु गरिएको जानकारी दिँदै २३ जिल्लाको सर्वेक्षण अन्तिम चरणमा पुगेको र २८ जिल्लामा गरीब

## असार १५ देखि दैनिक १० हजारको पीसीआर परीक्षण गरिने

# तीन हजार ७६२ जनामा सङ्क्रमण, १४ जनाको मृत्यु

काठमाडौं । स्वास्थ्य तथा जनसङख्या मन्त्री भानुभक्त ढकालले असार १५ गतेदेखि दैनिक १० हजार जनाको कोरोना भाइरस (कोभिड १९) को पीसीआर विधिबाट परीक्षण गरिने बताउनुभएको छ । आज संङघीय संसद्मा सांसदले सोधेको प्रश्नमा उहाँले अहिले दैनिक १० हजार परीक्षण गर्ने गरी मेसिन खरिदको प्रक्रिया शुरु गरिएको बताउनुभयो ।

मेसिन खरिद गरेपछि विदेशबाट दैनिक ठूलो सङख्यामा सर्वसाधारणको पीसीआर परीक्षणको व्यवस्था गर्न सकिने उहाँको भनाइ थियो । अहिले मुलुकका २१ स्थानबाट दैनिक चार हजारको सो परीक्षण भइरहेको छ । अहिलेसम्म पीसीआर एक लाख ९७ र आरडिटी एक लाख ५६ हजार ९९१ जनाको परीक्षण गरिएको छ ।

नेपालमा तीन हजार ७६२ जनामा सङ्क्रमण, १४ जनाको मृत्यु र ४८८ जना अस्पतालबाट डिस्चार्ज भएका छन् । उहाँले सात प्रदेशमा सात ठूला मेसिन खरिद प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो । उहाँले अहिलेको बन्दाबन्दी (लकडाउन)लाई सहजिकरण गर्न विज्ञसँग परामर्श भइरहेको बताउनुभयो । मुलुकमा ७७ दिनदेखि लकडाउन जारी छ ।

उहाँले अहिले विनियोजित बजेट स्वास्थ्य सुधारका लागि पर्याप्त नभएपनि स्वास्थ्य क्षेत्रको बलियो जग बसाल्न सकिने धारणा व्यक्त गर्नुभयो । मन्त्री ढकालले सर्वसाधारण जनतालाई दिइने स्वास्थ्य सेवाको गुणस्तरीय र आम नागरिकको पहुँचमा सेवाको वृद्धि हुने गरी आगामी वर्षमा स्वास्थ्यका कार्यक्रम सञ्चालन हुने विश्वास दिलाउनुभयो ।

निरोगी नेपाल अभियान अन्तर्गत प्रदेश र स्थानीय तहसँग समन्वय गरी विभिन्न स्वास्थ्य कार्यक्रम, आयुर्वेद, प्राकृतिक चिकित्सा, होमोपेथिक तथा योग लगायतका वैकल्पिक उपचार पद्धतिमार्फत प्रभावकारी सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिइएको मन्त्री ढकालले बताउनुभयो । भौगोलिक र जनसङ्ख्याका आधारमा स्वास्थ्य संस्थालाई स्तरोन्नति गरिने उहाँले बताउनुभयो ।

स्वास्थ्य संस्थाका अहिलेको दरबन्दीमा पुर्नसंरचना गरी आवश्यकता अनुसार तत्काल अस्थायी दरबन्दी स्वीकृत गरिने उहाँको भनाइ थियो । चिकित्सकलाई उच्च मनोबलका साथ काम लगाइने भन्दै चिकित्सक, नर्स र स्वास्थ्यकर्मीलाई शतप्रतिशत भत्ता र २५ लाख बिमा गरिएको उहाँले जानकारी दिनुभयो । प्रत्येक स्थानीय तहमा एक चिकित्सक र एक चिकित्सक एक संस्थाको व्यवस्थापनका लागि आवश्यक कार्यक्रम गरिने उहाँले बताउनुभयो । गरिब, विपन्न, असाहय र ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्न पर्याप्त बजेट विनियोजन गरिएको मन्त्री ढकालले बताउनुभयो । खोप, पोषण, क्षयरोग, एचआईभी एड्स र अन्य महामारी रोगका लागि बजेट विनियोजन बाँकी २ पृष्ठमा

# धुर्मुस-सुन्तली फाउण्डेशनलाई रकम हस्तान्तरण

भरतपुर । चितवनको रामपुरमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणार्थ सञ्चालन गरिएको धनधान्याञ्चल महोत्सवमा सङ्कलन भएको रकम हस्तान्तरण गरिएको छ । रङ्गशाला निर्माणस्थलमा आयोजित कार्यक्रममा महायज्ञ आयोजक मूल समारोह समितिका संयोजक तथा बाग्मती प्रदेशका सांसद विजय सुवेदीले धुर्मुस-सुन्तली फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेल धुर्मसलाई सङ्कलन भएको रकम आज हस्तान्तरण गर्नुभएको हो । महायज्ञमा बोलकबोल भएको रू ६९ करोड ४० लाख ५६ हजार ९९९ रकममध्ये नगद सङ्कलन भएको रू सात करोड १४ लाख ५६ हजार ६८४ को चेक हस्तान्तरण गरिएको महायज्ञ आयोजक मूल समारोह समितिका महासचिव दिनेशकुमार चुकेले जानकारी दिनुभयो । प्रदेश र स्थानीय तहले घोषणा गरेको रू ५१ करोड ९२ लाख ६५ हजार २६३ उठ्न बाँकी छ । महायज्ञमार्फत २८ हजार दाताले रङ्गशाला निर्माणका लागि सहयोग गरेको महायज्ञ आयोजक मूल समारोह समितिका महासचिव दिनेशकुमार चुकेले जानकारी दिनुभयो । महायज्ञमा निजी क्षेत्र, सङ्घसंस्था र नागरिकका तर्फबाट रू १७ करोड ४६ लाख सहयोगको घोषणा गरिएको समितिले जनाएको छ ।

यस्तै प्रदेश सरकारले रू ३० करोड, भरतपुर महानगरपालिकाले रू १६ करोड ७५ लाख, जिल्ला समन्वय समितिले रू दुई करोड २२ लाख सहयोग गर्ने घोषणा गरेका थिए । अन्य स्थानीय तहले पनि सहयोगको बाँकी २ पृष्ठमा

# कृषि ऐन निर्माण अन्तिम चरणमा

काठमाडौं । किसानको दुर्घटना बीमा कार्यक्रम शुरू गरिएको, मलमा जस्तै बीउमा पनि अनुदान र जलस्रोत मन्त्रालयसँग मिलेर सिँचाइमा प्रभावकारी काम गरिएको उल्लेख गर्दै कृषि तथा पशुपन्छीमन्त्री घनश्याम भुसालले संविधानअनुसार कृषि ऐन निर्माणको चरणमा पुगेको बताउनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई बाँकी २ पृष्ठमा

# रुकुम घटनाको छानबिन गर्न संसदीय समिति गठन

काठमाडौं । सङ्घीय संसद्ले रुकुम(पश्चिम)को चौरजहारी नगरपालिकाको सोतीमा भएको घटनाको छानबिन गर्न सांसद देवेन्द्र पौडेलको संयोजकत्वमा नौ सदस्यीय संसदीय विशेष समिति गठन गरेको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले यही जेठ १० गते भएको सोती घटनाको सत्यतथ्य छानबिनका लागि 'चौरजहारी नगरपालिका सोती घटना छानबिन संसदीय विशेष समिति' गरिएको जानकारी दिनुभयो । प्रतिनिधिसभाको बैठकमा पटकपटक प्रश्न उठेको उक्त घटनाको यथार्थ अध्ययन गरी प्रतिवेदन पेश गर्न आफूले सदनलाई जानकारी गराइसकेको र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७७ बमोजिम सो समिति गठन गरिएको सभामुख सापकोटाले बताउनुभयो । समितिका सदस्यमा बाँकी २ पृष्ठमा

# कारागारको सुरक्षाको जिम्मा सेनालाई दिइने

कञ्चनपुर । कञ्चनपुर कारागारको सुरक्षा जिम्मा नेपाली सेनालाई दिइने भएको छ । भारतबाट नेपाल भित्रिने नागरिक र क्वारेन्टिनको सङ्ख्यामा वृद्धि भइरहेकाले नेपाल प्रहरीलाई क्वारेन्टिनको सुरक्षामा केन्द्रित हुन सहजीकरणका लागि आउँदो असार १ गतेदेखि सेनालाई कारागारको सुरक्षाको जिम्मा दिने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी गोकर्णप्रसाद उपाध्यायका अनुसार कोरोनाको सङ्क्रमण बढ्दै गएकाले जिल्लाभित्र जोखिम न्यूनीकरणमा संलग्न सङ्घ, प्रदेश, स्थानीय तहका अस्पताल एवं स्वास्थ्य केन्द्र, सामुदायिक तथा निजी क्षेत्रका अस्पतालहरुबीच थप समन्वय र सहजीकरण गर्न नेपाली सेनाका सहसेनानी डा अल्का मजगैयालाई तोकिएको छ ।

यसैगरी जिल्लाका क्वारेन्टिनमा रहेका सात हजारभन्दा बढी व्यक्तिमध्ये मुटु रोगी आठ, दीर्घरोगी २१, गर्भवती महिला ४०, क्यान्सर रोगी एक, पाइल्स रोगी एक, हाले शल्यक्रिया गरेका २६, जन्डीसका बिरामी बाँकी २ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय__________

### सङ्क्रमण फैलाउने थलो नबनोस

मुलुकभर कोरोना भाइरस कोभिड १९ सङ्क्रमणको जोखिम बढ्दै जाँदा तीनै तहका सरकारहरूले क्वारेन्टाइन सञ्चालन गर्न थालेका छन् । कोरोना विषाणुको फैलावट रोक्ने अचूक उपायका रूपमा यसलाई लिइएको छ । हजारौंको सङ्ख्यामा मानिसहरूलाई राख्न सकिने क्षमताका भन्दै सञ्चारमाध्यमबाट क्वारेन्टाइनबारे विवरण प्रस्तुत भइआएकै पनि छन् । कोरोनाको सङ्क्रमण एक पछि अर्को ठाउँमा फैलिएसँगै यसको सङ्क्रमणबाट जोगिन सङ्घीय सरकारले देशैभर लकडाउन र सबै तहका सरकारहरूलाई क्वारेन्टाइन निर्माण गर्न र सङ्क्रमणसँगको एक्सपोजरबाट आएकाहरूलाई निश्चित समय क्वारेन्टाइनमा बसाल्न आदेश जारी गरेको छ । चीनको वुहानबाट ल्याइएका विद्यार्थीहरूलाई क्वारेन्टाइनमा राखेयता कोरोना फैलिएको देशबाट आएका मानिसहरूलाई क्वारेन्टाइनमा राख्न थालिएको हो ।

अन्तर्राष्ट्रिय उडानहरू बन्द भैसकेपछि भारत बाहेक अन्य देशहरूबाट मानिसहरू नेपालमा आउन सक्ने अवस्था रहेन । भारतमा कोरोना फैलिने क्रम तीव्र भएसँगै त्यहाँ रहेका नेपालीहरू ठूलो सङ्ख्यामा पैदलै आफनो देश नेपाल फर्किने क्रम चलिरहेको छ । ती फर्कंदै गरेका नेपालीहरूलाई प्रदेश तथा स्थानीय तहहरूले सञ्चालन गरेका क्वारेन्टाइनहरूमा राखिँदै आइएको छ । तर, अहिले सञ्चालन वा गणनामा रहेका अधिकाँश क्वारेन्टाइनहरू न्यूनतम मापदण्ड पनि पूरा गर्ने खालका छैनन् ।

नेपाललाई आउँदा दिन ठूलो सङ्ख्यामा ठूलै क्षमताका क्वारेन्टाइनहरूको आवश्यकता छ । अहिले गणनामा रहेका न्यूनतम मापदण्ड पुगेका सीमित क्वारेन्टाइनमा केही हजार मानिसलाई मात्र राख्न सकिन्छ । दश हजार मानिसलाई क्वारेन्टाइनमा राख्नुपर्‍यो भने अहिले मापदण्ड पूरा भएका भनिएका ती क्वारेन्टाइनहरूले धान्न सक्दैनन् । सङ्क्रमण लम्बिदै जाँदा भारतमा रहेका मात्र हैन खाडी र विकसित मुलुकहरूमा रहेका नेपालीहरूलाई नेपाल ल्याउनै पर्ने हुन्छ र नेपाल सरकारले ल्याउँछ नै । त्यसकारण सरकारले हाल सञ्चालनमा रहेका वा गणना गरिएका क्वारेन्टाइन स्थलहरूको शूक्ष्म समिक्षा गरी क्वारेन्टाइन ब्यवस्थापन, त्यसका भौतिक पूर्वाधार, सञ्चालन प्रकृया, क्वारेन्टाइनमा सङ्क्रमण स्क्रीनिङका लागि अपनाउनुपर्ने परीक्षण विधि, जटिलता ब्यवस्थापन, आर्थिक स्रोत, फिर्ती प्रवन्ध, सुरक्षा लगायतका विषयहरू समेटिएको क्वारेन्टाइन निर्देशिका वा क्वारेन्टाइन नीति नै बनाउन आवश्यक छ ।

क्वारेन्टाइन ब्यवस्थापन र परीक्षण कार्यमा केन्द्रले बनाएको निर्देशिका अनुसार अपरेशनल र मोबिलाइजेशनको कार्य बाहेक अन्य कार्य गर्न सक्ने क्षमता स्थानीय र प्रदेश सरकारहरूमा विकास भैसकेको छैन । क्वारेन्टाइन ब्यवस्थापनका लागि आवश्यक स्रोत सङ्घीय सरकारले उपलब्ध गराउनुपर्ने हुन्छ । सङ्क्रमितको उपचार गर्ने क्षमता देशभित्र कुन कुन स्वास्थ्य संस्था वा विज्ञसँग कस्तो खालको छ भन्ने विवरणका आधारमा सङ्घीय सरकारले विज्ञहरूको समन्वय र औषधि, उपकरण तथा अन्य सामग्रीको जोहो सङ्घीय सरकारले गरिदिनुपर्छ ।

# दलित र सुकुम्बासी बस्तीमा बन्दाबन्दीका समस्या

**धनवीर महतो**

गौशाला । गौशाला नगरपालिका १ का सुनिल विक बेरोजगार भई घरमै दिन बिताउन बाध्य छन् । ट्रक चालकका रूपमा कार्यरत २५ वर्षीय सुनिल देशमा करिब साढे दुई महिनादेखि जारी बन्दाबन्दीका कारण घरमै छन् । सुनिलले भने, "हुनत यो लकडाउनले परिवारसँग समय बिताउन राम्रै अवसर दिएको छ । काममा जाँदा दुई तीन महिनामा मुस्किलले एक दुई दिन घरमा बस्न पाइन्थ्यो । तर मुख्य समस्या भने बेग्लै छ । यति लामो समयदेखि घरमै बस्नुपरेपछि के खाएर दिन गुजार्ने भन्ने समस्या झन बढ्दै गएको छ ।"

सम्पत्तिको नाममा एक कट्ठा जग्गा र फुसको घर रहेका सुनिललाई बन्दाबन्दी खुल्ने कुनै ठेगान नभएकाले घरपरिवार कसरी चलाउने भन्ने चिन्ताले सताउन थालेको छ । उनको प्रश्न छ, "अहिले त घरगृहस्थी चलाउन साथीभाइसँग ऋण, सरसापट लिएको छु तर अब यसरी कतिदिन चल्छ र ?"

सुकुम्बासी दलित बस्तीमा बस्ने गौशाला नगरपालिका ४ की ५५ वर्षीया अनहरियादेवी सदालाई पनि यो लामो बन्दाबन्दीका कारण खानेकुराले नै पिरोलेको छ । सदाले भनिन्, "गत चैत महिनाको अन्तिम साता वडा कार्यालयले राहतको नाममा पाँच केजी चामल र केही स्वास्थ्य सामग्री वितरण गरेको थियो, त्यसले मुस्किलले एकसाता चलायौं । गाउँघरमा कहिलेकाहीँ मजदुरीको काम पाए पनि उधारोमा गर्नुपर्ने बाध्यता छ । अहिलेको समयमा परिवार पाल्नका लागि निकै नै समस्या परेको छ ।

आफूले दुःखका बारेमा बताउँदै आए पनि कुनै निकायले दुःख टार्ने पहल गरेनन् । म र हामीजस्तै अरु गरिब त कोरोनाभन्दा पनि खान नपाएरै मर्ने भैयो । सरकारले हाम्रो दुःख कहिले हेरिदेला ?"

आफूजस्ता वास्तविक गरिबलाई सरकारले पहिचान गरेर समयमै गाँसको उचित व्यवस्था गर्नुपर्ने गौशाला नगरपालिका १० का दशै मुखिया विनको भनाइ छ । दशैले विगतमा राहत वितरणका क्रममा भएको भेदभावलाई सम्झिँदै भने, "यहाँ त राहत पाउनेको सूचीमा २-३ बिघा जग्गा भएका व्यक्तिको समेत नाम रहेको पाइयो । जुन हामीजस्ता सुकुम्बासी एवं दलितका लागि विडम्बना हो । गरिब र दलितलाई सरकारले राहत बाड्ने नै हो भने घरको आधारमा नभई घरमा रहेको परिवार सङ्ख्याका आधारमा दिनुपर्छ ।"

यता टेम्पो चलाएर दैनिक गुजारा चलाउँदै आएका गौशाला १ का विनेश खाँती (विश्वकर्मा) लाई अहिले बैंकमा किस्ता कसरी तिर्ने भन्ने समस्याले पिरोल्दैछ । आफूसँग भएको एक टुक्रा घडेरी बन्धक राखेर ऋण लिएर गतवर्ष टेम्पो किनेका उनको जीविकोपार्जनको माध्यम नै यही हो । तर अहिले न उनको टेम्पो पनि घरमै थन्किएको छ । टेम्पो चलाउन नपाउँदा एकातिर छाक टार्ने समस्या छ भने अर्कातिर बैंकको ब्याज कसरी तिर्ने भन्ने समस्या भएको छ । खाँतीले भने, "अहिले लकडाउनको बहानामा बैंकले ताकेता गर्न छाडेको छ तर लकडाउन खुलेपछि बैंकको किस्ता एकमुष्ट बुझाउन समस्या अवश्य हुनेछ ।

आम्दानी भए पो ब्याज तिर्ने हो, हातमा रकम शून्य छ । अम्दानीको जोहो कसरी हुन्छ ?" सरकारले कोरोनाबाट बच्न सबैलाई अनिवार्य रूपमा लकडाउन पालना गर्नुपर्ने उर्दी जारी गरेपछि आफूहरुजस्ता दैनिकरूपमा काम गरेर घरपरिवार पाल्दै आएकाहरु समस्यामा परेको उनको गुनासो छ । लकडाउन बितेको एक महिनापछि नगरपालिकाबाट वितरण गरिएको राहत सामग्रीप्रति उनले असन्तुष्टि जनाए । खाँतीले भने, "मेरो आठजनाको परिवारलाई राहतवापत पाएको सामग्रीले त दुई दिन पनि पुगेन । अहिले ऐँचोपैँचो गरी घरपरिवार चलाइरहेको उनले बताए ।

सरकारद्वारा जारी बन्दाबन्दी अर्थात् लकडाउनको पालना गर्दै आइरहेकी गौशाला नगरपालिका ४ की ५० वर्षीया सुमित्रादेवी रामले गरिब एवं विपन्न समुदायले सरकारको निर्देशनको पालना गरे पनि स्थानीय, प्रदेश एवं सङ्घीय सरकारले आफूहरूको समस्याप्रति तत्परता नदेखाएको गुनासो गरिन् । उनले भनिन्, "एक त लकडाउनको समयमा आम्दानी नभएपछि खानेकुराको अभाव छ । अर्कातर्फ गाउँभरिका मानिसले बिना कारण ओहोरदोहोर गरेर भीडभाड बढाउँदा कोरोनाको डर पनि त्यत्तिकै छ । स-साना केटाकेटीहरु चर्को घाममा पनि गाउँ नै घुमेर हैरान पारेका हुन्छन् । कुन समयमा कसले के रोग लिएर घरमा आउने हो चिन्ताले पिरोल्दै छ ।" प्रायः अशिक्षितको बढी बस्ती रहेको यहाँ चेतनाको अभावमा कोरोना रोगको नामकै कारण अधिकांशको सातो गएको छ तर सचेतता अपनाइएको छैन । गाउँ टोलमा जनचेतनाको अभाव छ । गाउँगाउँमा स्वास्थ्य परीक्षणको पनि उचित व्यवस्था छैन ।

सत्तरी हजार २१३ जनसङ्ख्या रहेको गौशाला नगरपालिकामा बसोबास गर्ने अधिकांश दलित समुदायका साझा मुद्दा यस्तै रहेका छन् । नगरको वडा नं १ को वान्हपोखरी, वडा नं ४ को मलहनिया पोखरी, वडा नं ५ को महोलिया टोल, वडा नं ७ को मनहर्वा टोल, वडा नं ९ को विसहरपुर, वडा नं १० को मुसहरी टोल, वडा नं १२ को गैरी टोलमा दलित समुदायका नागरिकको घना बस्ती छ । उनीहरु जातिगत संस्कार कायम राख्दै जीवनयापन गर्दै आएका छन् । सुकुम्बासी रूपमा स्थानीय तहले उपलब्ध गराएको जग्गामा उनीहरु बसोबास गर्दै आएका छन् । यहाँका प्रायः दलितहरु पेशाको अभावमा मजदुरी गर्दै जीवन चलाउँदै आएका छन् । गौशाला नगरपालिकामा दलितको सङ्ख्या पाँच हजार ७०१ रहेको छ । जसमा चमारको दुई हजार ७३३, मुसहर दुई हजार ४३५, लोहार ४०४ र अन्य दलित १९९ जना रहेका छन् । गौशाला नगरपालिकाले यहाँका दलित एवं विपन्न समुदायका घरपरिवारलाई लकडाउनको समयमा खाद्यान्नको अभाव टार्नका लागि घरघरमै गई राहत वितरण गरेको थियो ।

उनीहरूलाई पहिलो चरणअन्तर्गत प्रतिपरिवार पाँच केजी चामल, एक केजी दाल, एक पोका नुन, दुईवटा साबुन, आधा लिटर खानेतेल वितरण गरिएको थियो । तर उक्त खाद्यान्नले अधिकांश परिवारलाई दुई दिनभन्दा बढी नपुगेको उनीहरूको दुखेसो छ ।

लकडाउन गुज्रिएको डेढ महिना बित्दा स्थानीय सरकारले उपलब्ध गराएको उक्त राहत अति नगण्य भएको गौशाला नगरपालिका ८ का राजाराम गिरीले बताए । गौशाला उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्षसमेत रहेका गिरीले भने, "अहिले त उनीहरूलाई हातमुख जोड्ने गाह्रो भएको छ ।" आर्थिक रूपमा विपन्न गरिब एवं दलित समुदाय कोरोना महामारीका कारण प्रत्यक्ष प्रभावित भएको गौशाला नगरपालिका १० का युवा प्रकाश महराले बताए । महराले भने, "यो समयमा दलित समुदायका अधिकांश घरपरिवार काम नपाएर बेरोजगार भएका छन् । उनीहरूलाई बिहान बेलुकाको छाक टार्ने समस्या छ ।"

सोनमा गाउँपालिकाका मञ्जितकुमार राम दलित एवं गरिब समुदायमा स्थानीय सरकारले प्रत्यक्षरूपमा कोरोनाबाट बच्नसक्ने उपायको सम्बन्धमा जनचेतना जगाउनु आवश्यक रहेको बताउँछन् । पेशाले सञ्चारकर्मी राम भन्छन्, "अझ पनि यहाँका दलित एवं गरिब समुदायमा चेतनाको अभाव छ । यस्तो महामारीको समयमा पनि उनीहरु नियमितरूपमा साबुनपानीले हात नधुने, मास्क नलगाउने, भीडभाडमा बस्ने गर्दै आएका छन् । उनीहरूमा अझ पनि यी सुरक्षा आफ्नै लागि हो भने कुराको बोध हुन सकेको छैन । त्यसैले यस बस्तीमा राहतका अतिरिक्त चेतना विस्तारको पनि खाँचो छ ।"

समग्र विकास उत्थान केन्द्र महोत्तरीका संयोजक सत्रुघ्न महराका अनुसार यस्तो विपद्को समयमा स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी एवं विभिन्न सङ्घसंस्थाका प्रतिनिधि एवं कर्मचारीले घर घरमा गई महामारीबाट बच्ने उपायहरु सिकाउनुपर्ने आवश्यकता देख्छन् । गरिबलाई लकडाउनले अप्ठ्यारो पारेको सन्दर्भमा गौशाला नगरपालिकाले दोस्रो चरणको राहतको प्याकेज लिएर घर घरमै गई वितरण गरिने तयारी गरेको गौशाला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रजङ्ग थापाले बताए । विगतको समयमा कतिपय स्थानीय तहमा राहत वितरणको समयमा कर्मचारी र जनप्रतिनिधि बीच रहेको मनमुटाव समयमै समाधान हुन नसक्दा विवादले उग्ररूप लिएको घटना दोहोरिन नदिन जनप्रतिनिधिहरु सचेत हुनुपर्ने स्थानीयको धारणा छ । गौशाला नगरपालिकाका प्रमुख शिवनाथ महतोले अब वितरण हुने राहतमा नगरभरमा पाँच कट्ठा जमिन भएकाहरूलाई पनि राहतका लागि समावेश गरिने बताए । यसअघिको राहत वितरणका क्रममा भएका कमीकमजोरीलाई मनन गर्दै नगरले राहत वितरण गर्ने महतोले बताए ।

बन्दाबन्दीको अहिलेको समयमा अन्यत्र विद्यालयहरूले अनलाइन बाट पठनपाठन गरिरहेको सुनेका यहाँको दलित तथा सुकुम्बासी बस्तीका नागरिकले आफ्ना बालबालिकाको पनि चिन्ता गरेका छन् । उनीहरूका

बालबालिकालाई पठनपाठनको व्यवस्था कसरी गर्ने भन्ने विकल्प उनीहरूसँग छैन । सरकारी राहतको मात्रै आश गर्नुभन्दा पनि दलित समुदायका नागरिकले काम गरेर खान पाए हुन्थ्यो भन्छन् तर कतै काम पाउने अवस्था पनि छैन । आफ्नो सीप बेच्ने वातावरण नभएपछि सरकारको मुख ताक्नुको विकल्प पनि छैन ।

त्यसैले बन्दाबन्दीको यो अवस्थामा दलितका दुःखलाई प्राथमिकतामा राखेर राहतदेखि जनचेतना विस्तारसम्ममा ध्यान दिनु आवश्यक छ ।

## असार......

गरिएको छ। यो वर्षको कार्यक्रम अन्तर्गत ३०० बेडको सङ्घ र प्रत्येक प्रदेशमा ५० बेडको सरुवा रोग अस्पताल बनाइने बजेटमा उल्लेख छ। उहाँले पुराना अञ्चल अस्पताललाई २०० बेडमा स्तरोन्नति गर्ने र सङ्घमा रहेका पाँच वटा अस्पताल तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली विज्ञान प्रतिष्ठानलाई स्तरोन्नति गरी ५०० बेडको बनाउने बताउनुभयो।

कोभिड १९ को रोकथाम, नियन्त्रणका लागि सरकारले प्रयास गरिरहेको भन्दै उहाँले कोभिड १९ को महामारी अरु देशको भन्दा हाम्रो देशमा सङ्क्रमण फरक रहेको बताउनुभयो। उहाँका अनुसार नेपालमा २१ देखि ३१ वर्ष उमेर समुहलाई बढी सङ्क्रमण देखिएको छ। महामारी नियन्त्रणमाा १० अर्ब खर्च भएको सन्र्दभमा सोधिएको प्रश्नमा उहाँले सङ्घले ६ अर्ब ३ करोड, प्रदेशले एक अर्ब ८ करोड र ६४१ स्थानीय तहमा २ अर्ब ७६ करोड खर्च भएको जानकारी दिनुभयो। यस्तै दुई अर्ब ९२ करोड ५५ लाख ८९ हजार स्वास्थ्य मन्त्रालयबाट स्वास्थ्य सामाग्री खरिदमा खर्च भएको उहाँले उल्लेख गर्नुभयो। दक्षिण एशियामा हामीले कोभिड(१९ को रोकथाम र नियन्त्रणमा राम्रो भूमिका खेलेको मन्त्री ढकालले उल्लेख गर्नुभयो। प्रति १० हजारमा तीन हजार ३३७ जनामा परीक्षण गरिएको छ। उहाँले विश्व स्वास्थ्य सङ्गठनले आरडिटी प्रतिवन्ध नलगाएको स्पष्ट पार्दै भन्नुभयो, "अध्ययन, अनुसन्धानका लागि आरडिटी परीक्षणमा प्रतिवन्ध लगाएको छैन। आरडीटी परीक्षण गर्दा पोजेटिभ देखियो भने पोजेटिभको आधारमा सङ्क्रमित भनेका छैनौ। सङ्क्रमण पुष्टि गर्नका लागि पीसीआर परीक्षण गरेका छौं। आरडीटी स्क्रीनिङ्गका लागि मात्र परीक्षण गरिएको हो।''

## रुकुम.....

सांसद एकवाल मियाँ, दुर्गा पौडेल, पार्वतीकुमारी बिसुङ्खे, प्रकाश रसाइली', विमला विक, महेश्वरराज गहत, मीनबहादुर विश्वकर्मा र रामसहायप्रसाद यादव हुनुहुन्छ । सभामुखको निर्देशनमा रही समितिले कार्यविधि तय गरेर लागू गर्न सक्नेछ । सो समितिले आवश्यक ठानेमा सम्बन्धित पदाधिकारी वा अन्य व्यक्तिको सहयोग लिन वा समितिमा आमन्त्रण गर्न सक्ने छ । समितिका अन्य कार्यविधि प्रतिनिसिभा नियमावली, २०७५ अनुसार हुनेछ । समितिको समयावधि ३० दिनको तोकिएको छ ।

## कारागार....

एक र ६० वर्षमाथिका नागरिक ९२ जना गरी २०० जना रहेका छन्। कोरोना भाइरसको उच्च जोखिममा रहेका ती व्यक्तिहरुको तत्काल आरडिटी परीक्षण गरी नतिजा नेगेटिभ आएमा कञ्चनपुर जिल्लास्तरीय होम क्वारेन्टिन कार्यविधि २०७७ अनुसार होम क्वारेन्टिनमा पठाउने निर्णयसमेत गरिएको सहायक प्रजिअ उपाध्यायले जानकारी दिनुभयो। आरडिटी पोजेटिभ आएमा सम्बन्धित स्थानीय तहमै प्रि-आइसोलेशनमा थप स्वास्थ्योपचारको व्यवस्था मिलाइने भएको छ।

## धुर्मुस....

घोषणा गरेका थिए । प्रदेश सरकारले प्रदान गर्ने रू ३० करोड बहुवर्षीय बोलपत्र प्रक्रियाअन्तर्गत रहेर काम अघि बढाइने बाग्मती प्रदेशका सांसद विजय सुवेदीले जानकारी दिनुभयो । उहाँले तत्काल समिति विघटन भइनसकेको भन्दै रकम उठाउन र रङ्गशाला निर्माणमा सहयोग पुर्‍याउन असार मसान्तसम्म काम गर्ने जानकारी दिनुभयो । कार्यक्रममा धुर्मुस सुन्तली फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेल 'धुर्मुस'ले दाताहरूलाई महायज्ञमा बोलेअनुसारको रकम सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले बन्दाबन्दीका कारण रङ्गशाला निर्माणको काम प्रभावित भए पनि भित्रभित्रै काम गरिरहेको बताउनुभयो ।

## कृषि............

परिमार्जन गरेर प्रभावकारी बनाइएको जानकारी दिँदै उहाँले बाँझो जमीनको उपयोगलाई ध्यान दिइएको बताउनुभयो । "आगामी तीन वर्षमा कृषि कर्मबाटै किसानको सम्पूर्ण जीवन धान्ने अवस्थामा पुर्‍याइन्छ ।

# व्यवसायीले असोजयता कर तिर्न सक्दैनन्

अर्थविद एवं आर्थिक मामलाका विश्लेषक राजु नेपालले देश आर्थिक रुपमा निकै जटिल अवस्थामा पुगेको तथ्यांक प्रस्तुत गरेका छन् । सरकार टाट पल्टिसकेको देखिन थालेको र कर तिर्न आउनु भन्ने सुचना हतारमा निकालेको बताए । उनले असोज यता उद्दोगी व्यवसायीले कर तिर्न सक्ने अवस्था नभएकाले कम्तिमा तीन महिना कर तिर्ने समय थप्नुको विकल्प नभएको बताए । यसै सेरोफेरोमा अर्थविद राजु नेपालसँग ऋषि धमलाले गरेको कुराकानीः

**हाम्रो देशको अर्थतन्त्र नकारात्मक कि सकारात्मक कुन दिशातिर जाँदैछ ?**

भरखरै करसम्बन्धी सूचनाले यो सरकार कता कता टाट पल्टिएको हो कि भन्ने देखिन्छ । यस्तो स्थितिमा पनि त्यस्तो सूचना जारी गरेर मिति तोकेर कर तिर्न आउनु भनियो । यो देख्दाखेरि अलिकति अप्ठ्यारोमा सरकार पुगेको देखियो । चौतर्फी विरोधका बाबजुद पनि सरकार जुन असारको ७ गतेसम्ममा कर तिर्न आउनुभनेको छ । त्योबेलासम्म पनि व्यापारीहरू कर तिर्न सक्ने स्थिति देखिँदैन ।

**ट्याक्स तिर्न किन सक्दैनन् व्यापारीहरूले उनीहरूसँग पैसा छैन र ?**

व्यापारमा एक दिन बन्द हुँदा त्यसको घाटा ६ दिनलाई पर्दछ । साँढे दुई महिना बन्दाबन्दी हुनुभनेको त्यसको घाटा दुई वर्षलाई पुग्ने भइसकेको छ । तपाईं पनि एउटा व्यवसाय गर्नुहुन्छ । त्यसमा तपाईंको स्थिति के छ मलाई थाहा छैन । एक दिन व्यापार बन्द हुँदा त्यसको असर ६ दिनलाई पर्छ भन्ने एउटा क्याल्कुलेसन छ । एकातिर सरकार ट्याक्स तिर्ने नसक्ने अवस्थामा छन् । अर्कोतिर सरकार ट्याक्सबिना चल्ने नसक्ने हुँदा देशको अर्थतन्त्र कतातिर गइराखेको छ भन्ने कुरा ऐनाजस्तै छर्लङ्गै छ ।

**त्यसोभए अर्थतन्त्र कतातिर गइराखेको छ त आज हामी कुन अवस्थामा छौं ?**

आज हामी एकदमै नाजुक अवस्थामा पुगिसकेका छौं भन्छु मैले । हिजोसम्म सप्लाई गर्न सकेनौं, यातायात भएन । बजारमा सामान पुर्‍याउन सकेनौ भन्ने स्थितिमा थियौं भने आज हामी डिमान्डमा एकदमै संकुचन भएको स्थितिमा पुगेका छौं । तपाईंलाई सानो उदाहरण दिन्छु । लकडाउन सुरु हुँदा एक सय रुपैयाँ प्रतिकिलो तरकारी थियो भने अहिले २५ रुपैयाँ किलोमा तरकारीको भाउ झरेको छ । यो सरकारको कारणले होइन । यहाँ डिमान्ड भएन । मानिसको खल्तीमा पैसा सकिन थाल्यो । अहिले व्यापारीसँग पनि पैसा छैन त्यसैले बजारमा सामान भएपनि उठाउन नसक्ने अवस्थामा पुगियो । त्यो भनेको अर्थतन्त्रको लागि अत्यन्तै खतराको सुचक हो ।

**अर्थमन्त्रीले त एकदमै जनताको मन छुनेगरी बजेट ल्याएका छौं, कृषि, शिक्षा, स्वास्थ्यको क्षत्रका लागि भन्नुभयो नि ?**

पहिलो कुरा त बजेट राम्रो आएन । दोस्रो कुरा तालिम दिँदैमा मान्छेले काम पाउँदैनन् । काम पाउनको लागि काम नै क्रियेट गर्नुपर्छ । तालिम कामको आधार होला । तर, विदेशमा अलेडी दुई वर्ष काम गरेर आएका एक्पोर्ट मान्छेलाई फेरि यहाँ ल्याएर तालिम दिने भन्ने कुरा तिनीहरूलाई अलमल्याउने कुरा हो । रोजगारीको लागि त उद्योगधन्दा चलाउने वातावरण सिर्जना गरिदिनुपर्छ । बन्द भएका उद्योगलाई चलाउने र नयाँलाई खोल्ने वातावरण सिर्जना गर्नुपर्छ । जुन कुरा यसपालि अर्थमन्त्रीजीले ल्याउनुभएको बजेटले पटक्कै सम्बोधन गरेको छैन ।

**तर, बजेटको साइज त घटाउनुभयो नि ?**

घटेको छैन भनेर फेरि पनि मैले यहाँलाई सम्झाउन चाहन्छु ।

**कसरी घटेन ? पोहोरको भन्दा अहिले साइज घटेको छ नि ?**

बजेटको साइज हेर्ने होइन नि । यसपालि जम्मा १० खर्ब खर्च गर्ने, अर्को साल १५ खर्ब खर्च गर्ने, यो त पालिसे कुरा भइहाल्यो नि ।

**अर्थमन्त्रीले मैले समय र परिस्थिति हेरेर बजेटको साइज घटाएँ भन्नुभएको छ नि ?**

छैन, छैन कम्प्लिटी होइन बजेटको साइज घटेको छैन । ५० प्रतिशतभन्दा ठूलो भएको छ । चालु आर्थिक वर्षमा अर्थमन्त्रीज्यूले जम्मा १० खर्ब खर्च गर्नुभएको छ । अर्को साललाई झन्डै १५ खर्ब, १४७४ को बजेट ल्याउने त्यस्तो पनि साइज घटेको हुन्छ । त्यो त मान्छेको आँखामा छारो हाल्ने काम भइहाल्यो नि । बजेटको साइज घटेको छैन ढुक्क हुनुहोस् । अझ बजेटको साइज अत्याधिक बढेको छ यसपालि ।

**प्रचण्डले त यसपालि समाजवाद उन्मुख बजेट आयो अत्यन्तै राम्रो छ भन्नुभयो नि ?**

उहाँहरूको समाजवादको अर्थ पनि फरक होला । अब कम्युनिजमको समाजवाद भनेको शासनप्रणाली हो । कांग्रेस अथवा डेमोक्रेटहरुले भन्ने समाजवाद एउटा लक्ष्य हो । समाजवाद शब्दमै धेरै कुरा खेल्नुपर्ने होलान् हामीले तपाईंले त पटक( पटक समाजशास्त्री साथीहरुसँग अन्तर्वार्ता लिँदा त्यो कुरा याद गर्नुभएको होला । साच्चिकै कम्युनिजममा प्रचण्डले भनेको जस्तै समाजवाद उन्मुख बजेट हो भने त्यो देशको लागि खतराको चिन्ह हो ।

**त्यसोभए हाम्रो देशको आर्थिक स्थितिको कुरा गर्दा अहिलेका अर्थमन्त्रीको बजेटले उकास्न सक्छ कि सक्दैन ?**

मलाई लाग्दैन । सबैभन्दा ठूलो कुरा यसले लगानीको लागि कुनै वातावरण बनाएको छैन । पूर्वाधारको लागि बजेट घटाइएको छ । र, रोजगारीमा तालिम दिएर मात्रै मान्छेहरू रोजगार हुँदैनन् । चालु आर्थिक वर्षमै पनि सरकारले ५ लाख रोजगारी सिर्जना गर्छु भनेको थियो । र, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बाँदर धपाउने र कुलो सफा गर्ने मान्छेलाई पैसा दिएको बाहेक अर्को ४५ हजार पनि रोजगारी सिर्जना भएको छैन, ५ लाखको टार्गेटमा । यसपालि त यहाँ भएका ५ लाख र विदेशबाट आउने १५ लाख गरेर २० लाख नेपालीहरूको व्यवस्थापन गर्न जरूरी छ । ती २० लाखमा २० हजार रोजगारी पनि सिर्जना गर्ने कार्यक्रम यसपालिको बजेटले समेटेको जस्तो मलाई लाग्दैन ।

**अब तपाईंले हाम्रो देशको अर्थतन्त्र ओरालो लाग्यो भनिरहँदा त्यसलाई उकास्न सबै लाग्नुपर्ने होइन अब कसरी जाने देश बँचाउन ?**

सरकारले कमसेकम आफूले छुट्याएको बजेट खर्च गरिदिए हुन्छ क्या । खर्च मात्रै गरिदिने वातावरण सिर्जना गरेपनि हुन्थ्यो, खर्चै भएन । सरकारमा बस्ने दलहरूमा आन्तरिक भ्रगडाले होला बेलामा टेण्डर ननिकाल्ने । जसले समयमा ठेक्का बुझाएका हुँदैनन् । फेरि पनि उनीहरूलाई नै ठेक्का दिने । अनि उनीहरूले समय र बजेट मात्रै थपिरहने । काम समयमा नगर्ने । अहिले पनि हेर्ने हो भने चालु आर्थिकमा ४ खर्ब पूर्वाधार विकास खर्च छुट्याइएको थियो । अहिलेसम्म २ खर्ब ४० अर्ब मात्रै खर्च भएको छ । खर्च गर्न नसक्नु सबैभन्दा ठूलो समस्या हो । दुई तिहाई हाराहारीको सरकार छ । सातवटा प्रदेशमध्ये ६ वटामा एउटै पार्टीको सरकार छ । त्यस्तो बेलामा कमसेकम पैसा खर्च गरिदिनुहोस् भनेर हामीले हात जोडेको मात्रै हो । त्यसैले खर्च मात्रै गरियो भने पनि विपन्न वर्गको हातसम्म त्यो पैसा जान्छ । त्यसले बेरोजगारलाई रोजगारी सिर्जना गर्छ । अहिले नेपालमा केहीपनि गर्नुपर्दैन । सरकारले आफैले छुट्याएर राखेको पैसा खर्च गरिदिए हुन्छ ।



## राजु नेपाल
## अर्थविद एवं आर्थिक मामलाका विश्लेषक

**त्यसोभए अहिले व्यापारीहरू कर तिर्न सक्ने अवस्थामा छैनन् ?**

करको बारेमा त म अझै पनि भन्छु असोज मसान्तसम्म नबढाइकन सुखै छैन । अझ म त सम्पूर्ण रूपमा बजार खुल्ला भइसकेपछि पूर्ण रूपमा लकडाउन सकिएपछिको तीन महिना समय दिनुपर्छ । त्योभन्दा अगाडि व्यापारीहरूले पैसा तिर्न सक्दैनन्, तिर्दैनन् । भोलि आएर किन आन्दोलन गराउनु, किन भद्रअवज्ञा गराउनु । भोलि त्यसैले गर्दा अर्को किसिमको समस्या सिर्जना नहोस् भन्ने मेरो धारणा हो । सरकार आफै उदार भएर राहत प्याकेज ल्याएर, कर तिर्नुपर्छ नतिरी हुँदैन । तर, तपाईंहरूलाई हामी समय दिन्छौं भन्नुपर्छ । कुनै पनि हालतमा व्यापारीहरूलाई कर छुट दिनुहुँदैन । तर, तिर्नको लागि समय दिनुपर्छ भन्ने मेरो धारणा हो ।

**विद्युतीय गाडीमा त कर बढाइयो नि तपाईंलाई के लाग्छ ?**

त्यो भनेको नेपालमा विद्युतीय गाडीमा हामी प्रतिगमनतर्फ गयौं भन्ने तर्क हो । विद्युतीय गाडिमा त मैले किलो १२ रुपैयाँमा बेच्ने होइन ? भनेर मैले केही साथीहरूलाई भनेको छु । जो विद्युतीय गाडी चढ्ने साथीहरू हुनुहुन्छ । तिमीहरूले किलोमा जोखेर बच्नुपर्ने अवस्था हुन्छ भनेको छु । यति भनेपछि सनिरहनुभएका स्रोता नेपाली जनताले बुझ्नुहुन्छ ।

# भकिम्लीमा बोयर जातको बाख्राको स्रोत केन्द्र

म्याग्दी ः म्याग्दीको बेनी नगरपालिका–३ भकिम्लीको डाँडा खानीमा विश्वमै उत्कृष्ट मानिएको बोयर जातको बाख्राको बाह्य स्रोत केन्द्र स्थापना भएको छ ।

राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरासँगको समन्वयमा श्रीस पशुपालन तथा बहुउद्देश्यीय फार्मका बोयर बाख्राको स्रोत केन्द्र स्थापना गरिएको हो । फार्मका सञ्चालक धनबहादुर श्रीसले बाख्रामा नश्ल सुधारका लागि अस्ट्रेलियाबाट ल्याएर बोयर बाख्राको पाठापाठी उत्पादन शुरु गर्नुभएको छ ।

“पशु प्रजनन् कार्यालयले यो फार्मलाई शतप्रतिशत शुद्ध बोयर बाख्राको स्रोत केन्द्रको मान्यता दिएको छ”, उहाँले भन्नुभयो, “कार्यालयले उत्पादन गर्ने बोयर बाख्राको माग धान्न नसकेकाले निजी क्षेत्रलाई बाह्य स्रोत केन्द्र बनाएको हो ।”

छिटो बढ्ने र धेरै तौल हुने विशेषता भएको बोयर जातको एउटै बोका रु दुई लाख ५० हजार मूल्यमा बिक्री हुने उहाँले बताउनुभयो । अस्ट्रेलियाबाट दुई वर्षअघि चार वटा बाख्रा ल्याउनुभएका श्रीसको फार्ममा अहिले सबै ३० वटा बोयर जातका बोका र बाख्रा छन् । पछिल्लो एक वर्षयता प्रजननका लागि ३० वटा बोका र बाख्रा देशका विभिन्न ठाउँका व्यावसायिक फार्म र कृषक समूहलाई बिक्री गर्नुभएको छ । अनलाइनका माध्यमबाट गर्भमै कृषकले अग्रिम पैसा दिएर बोका बुक गरेका श्रीसले बताउनुभयो ।

म्याग्दी, बागलुङ, पर्वतका साथै कास्की, धनकुटालगायतका जिल्लाका कृषक बोयर बाख्रा खरिदका लागि फार्ममै पुग्ने गरेका छन् । “फार्ममा भएका बोका र बाख्रा सामाजिक सञ्जाल फेसबुकमा राखेपछि कृषकले जुन मन पर्छ त्यही रोजेर बुक गर्छन्”, उहाँले भन्नुभयो, “प्रजननयोग्य भएपछि गाडी ल्याएर घरमै आउँछन् ।”

विसं २०६८ मा विदेशबाट फर्केएपछि स्थानीय जातका बाख्रापालन शुरु गर्नुभएका श्रीसले कृषक समूहको भ्रमणमा जाने क्रममा चितवनमा बोयर बाखा देखेपछि सो जातको बाख्रापालनमा प्रेरित हुनुभएको थियो ।

स्थानीय जातका बाखा विस्थापित गरेर सबै बोयर जातका बाखा पाल्न थाल्नुभएको हो । बोका र माउ बाख्राको माग बढेकाले फार्ममा बाख्राको सङ्ख्या १०० पुर्‍याउने श्रीसको योजना छ । बैंकबाट रु दुई लाख ऋण लिएर शुरु गरेको उहाँको फार्ममा अहिले लगानी रु ७० लाख पुगेको छ ।

श्रीसलाई बाख्रापालनका लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले प्राविधिक सहयोग गरेको छ । बाख्राको आहारा आपूर्तिका लागि ६० रोपनी पाखोबारीमा भूइँ र डाले घाँस खेती गर्नुभएको छ ।

दक्षिण अफ्रिकामा पाइने बोयर जातका बाखा र बोका हेर्दा बलियो र खँदिलो मासु भएको हुन्छ । प्राय सेता वा खैरो वा दुवै रङ्ग मिसिएको बोयर बाखाले धेरै थरि रोग प्रतिरोध गर्न सक्षम हुने भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख नारायण कुशुमले बताउनुभयो ।

बोयरको पाठापाठी एकदमै छिटो बढ्ने यसको मुख्य विशेषता हो । ९० दिनमै ३६ किलोग्रामसम्म तौल हुन्छ । दैनिक २०० देखि ३०० ग्रामका दरले तौल बढ्छ । वयस्क बोयर बाखा तथा बोकाको तौल १५० किलोग्राम हुन्छ ।

बोयर खसी, बोका र मासुका लागि विश्वमै प्रख्यात छ । नेपालमा कृषकले स्थानीय खरी, बारबरी र जमुनापारी जातका बाखासँग बोयरलाई क्रस गराउन थालेकाले यसको बोकाको माग उच्च छ ।

एकपटकमा सामान्यतया दुई वटा पाठापाठी जन्माउने बोयर बाखा दुई वर्षमा तीन पटक सम्म ब्याउँछ । अन्य जातका बाखा जस्तै घरमा घाँस र दाना खुवाएर बोयर पाल्न सकिने तोरीपानीको धौलागिरि बाखा फार्मका सञ्चालक आनन्द रिजालले बताउनुभयो ।

# गोरखा अस्पतालमा भेन्टिलेटरसहितको आइसियु सेवा सुरु

गोरखा । गोरखा अस्पतालमा भेन्टिलेटरसहितको सुविधा सम्पन्न आइसियु सेवा शुरु भएको छ । अस्पतालमा अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित भेन्टिलेटरसहितको आइसियु सेवाका लागि उपकरण जडान गरिएको अस्पतालका सूचना अधिकारी कृष्ण ढकालले जानकारी दिनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदेश सरकारमार्फत उपलब्ध गराएको रु एक करोडको लागतमा उपकरण खरिद गरी जडान गरिएको सूचना अधिकारी ढकालले जानकारी दिनुभयो । पचास शय्या क्षमतामा विस्तार भई अस्पताल सञ्चालन भएको लामो समयसम्म अत्याधुनिक उपकरण जडान हुन नसक्दा समस्या हुँदै आएको थियो । भेन्टिलेटर र आइसियु सेवा सञ्चालनमा ल्याएसँगै अब कोरोना भाइरस (कोभिड- १९) का कारण गम्भीर बिरामी परेकाहरुलाई समेत गोरखा अस्पतालमै राखेर उपचार गर्न सकिने उहाँले बताउनुभयो । अस्पतालले कोरोना सङ्क्रमित बिरामीलाई उपचारका लागि लक्षित गरी उपकरण जडान गरेको उहाँको भनाइ छ । प्रदेश सरकारअन्तर्गत रहेको गोरखा अस्पतालमा अहिले निर्माण गरिएको भेन्टिलेटरसहितको आइसियु दुई शय्या क्षमताको रहेको उहाँले बताउनुभयो । प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले चैत महिनामा रकम निकास गर्ने भनिए पनि ढिलो गरी बजेट प्राप्त भएकाले सेवा शुरु गर्न केही ढिलाइ भएको सूचना अधिकारी ढकालले जानकारी दिनुभयो । सेवा विस्तार भएसँगै कोरोना सङ्क्रमणलगायतका अन्य रोगका कारणसमेत भेन्टिलेटरमा बिरामी राख्नुपर्ने भए अब सिफारिस गरेर पठाउनुपर्ने गोरखा अस्पतालको बाध्यता हटेको छ ।

# मेगा बैंकलाई गण्डकी विकास बैंकलाई प्राप्ति गर्न स्वीकृति

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडको विशेष साधारण सभाले गण्डकी विकास बैंकलाई प्राप्ति गर्ने प्रस्ताव पारित गरेको छ । बुधबार काठमाडौंमा भएको विशेष साधारण सभामा मेगा बैंक सञ्चालक समितिका अध्यक्ष भोजबहादुर शाहले गण्डकी विकास बैंकलाई प्राप्ति गर्नका लागि गर्नुभएको प्रस्ताव पारित भएको हो । मेगा बैंक र गण्डकी विकास बैंकको शेयर आदान प्रदान अनुपात १:१ रहेको छ । यो प्राप्ति पश्चात् मेगा बैंकको पुँजी, व्यवसायको आकारका साथै शाखा सञ्चालनमा बृहत वृद्धि भई देशकै एक ठूलो क वर्गको वाणिज्य बैंकको रुपमा स्थापित हुने मेगा बैंकका अध्यक्ष शाहले बताए । साधारण सभामा बोल्दै




मेगा बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले उत्कृष्ट व्यवसाय गरिरहेको गण्डकी विकास बैंकलाई प्राप्ति गरेपछि मेगा बैंकको स्तर अझै बढ्ने बताइन् ।

ग्राहकको विश्वास जित्दै प्रतिष्ठित 'बैंक अफ दि एयर' पुरस्कारबाट समेत सम्मानित भएको स्मरण गर्दै उनले मेगा बैंकको शाखा सञ्जाल प्राप्ति पश्चात् ५८ वटा जिल्लामा फैलने जानकारी दिइन् ।

यसैगरी, देशका २७ वटा 'क' वर्गका वाणिज्य बैंक मध्ये मेगा बैंक निक्षेपका आधारमा ११औं स्थान, कर्जाका आधारमा १२औं र मुनाफाका आधारमा ११औं स्थानमा रहने सिइओ खुञ्जेलीले जानकारी दिइन् ।

उनका अनुसार, गण्डकीलाई प्राप्ति गरेपछि मेगा बैंकको चुक्ता पुँजी १३ अर्ब १३ करोड हुनेछ भने निक्षेप १ खर्ब २५ अर्ब भन्दा बढी र कर्जा १ खर्ब ९ अर्ब भन्दा बढी हुने भएको छ । यसैगरी, मेगा बैंकको ग्राहक संख्या करिब ११ लाख हुनेछ भने शाखा संख्या २०६ वटा, एक्सटेन्शन काउन्टर ३० वटा, एटीएम १४२ वटा हुनेछन् ।

यसै बीच, पोखरामा केन्द्रिय कार्यालय रहेको गण्डकी विकास बैंकको पनि बुधबारकै दिन सम्पन्न विशेष साधारण सभाले समेत गण्डकीलाई मेगा बैंकले प्राप्ति गर्न स्वीकृति प्रदान गरेको छ । गण्डकी विकास बैंक लिमिटेडका सञ्चालक समितिका अध्यक्ष शुशील गौचनले यस प्राप्तिका लागि पेश गर्नुभएको प्रस्तावलाई विशेष साधारणसभाले पारित गरेको हो । ९६ वटा शाखा सञ्जाल रहेको गण्डकी विकास बैंकको चुक्ता पुँजी २ अर्ब ७५ करोड रहेको छ ।

दुबै बैंकको विशेष साधारण सभाले स्वीकृति दिएसँगै मेगा बैंकलाई गण्डकी विकास बैंक प्राप्ति गर्नका लागि बाटो खुलेको छ । यसै आर्थिक वर्ष भित्रमा गण्डकी विकास बैंकलाई प्राप्ति गरी संयुक्त कारोबार प्रारम्भ गर्ने गरी तयारीहरु भइरहेको मेगा बैंकका अध्यक्ष शाहले जानकारी दिए ।

# महालक्ष्मी विकास बैंकले ल्यायो अनलाइन खाता सेवा सञ्चालनमा

काठमाडौं । महालक्ष्मी विकास बैंकले अनलाइन खाता सेवा सञ्चालनमा ल्याएको छ । बेंकले सञ्चालनमा ल्याएको सेवामा अन्तर्गत खाता खोल्न चाहने ग्राहकले बैंकमा उपस्थित नभई आफू रहेको स्थानबाट नै अनलाइन खाता खोल्नका लागि आवेदन दिन सक्ने व्यवस्था बैंकले गरेको हो । जसमा खाता खोल्दा आवश्यक कागजात सजिलै पेश गर्न सकिने व्यवस्था रहेको छ । बैंकको




वेवसाइटमार्फत महालक्ष्मी अनलाइन सेभिङमा सबै शाखामा खाता खोल्न सकिने व्यवस्था गरिएको छ ।

हाल बैंकले देशभर १०२ वटा शाखाबाट नै सजिलै खाता खोल्न सकिने बैंकले जनएको छ । बैंकले कोरोना भाइरसको संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सो सेवा सञ्चालनमा ल्याएको बताएको छ । जसमा अनलाइन खाता खोलेपछि ग्राहकको खाता नं र आवश्यक जानकारी फारममा उल्लेख गरेको इमेल ठेगानामा पठाइनेछ । खाता खोल्न बैंकसम्म पुग्न नपर्ने र समयको बचतसँगै ग्राहकहरुले घरबाट नै मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता विद्युतीय बैंकिङ सेवा प्रयोग गर्न सक्नेछन् ।

# नयाँ मौद्रिक नीति निर्माणमा सुझाव माग्दै राष्ट्र बैंक

काठमाडौं । नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०७६र७७ को मौद्रिक नीतिका लागि सुझाव मागेको छ । बैंकले आइतबार सूचना जारी गरि मौद्रिक नीतिमा राय/सुझाव दिन आग्रह गरेको हो । राष्ट्र बैंकले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटलाई आधार मानेर मौद्रिक नीति ल्याउनु पर्ने हुन्छ । यस पटकको बजेटमा सरकारले कोरोनाले असर पारेको क्षेत्रको पुनरउत्थानको लागि धेरै सहुलियत तथा राहतको प्याकेज घोषण गरिसकेको छ । जसको कार्यान्यवनको लागि राष्ट्र बैंकले सोही अनुसारको मौद्रिक नीति ल्याउनु पर्ने जिम्मेवारी थपिएको छ । सरकारले कोरोना असरको पुनरउत्थानमा घोषणा गरेको राहतलाई कार्यान्यवन गर्ने मौद्रिक नीति ल्याउनु पर्ने भएकाले अहिले अन्य वर्षहरुमा भन्दा अबको नयाँ मौद्रिक नीति निर्माणमा राष्ट्र बैंकलाई अतिरित्त चुनौति भएको अर्थविद्हरुले बताउँदै आएका छन् ।

# एनएमबि बैंकमा भाइवर र फेसबुकबाट खाता खोल्दा नगद फिर्ता पाइने

काठमाडौं । एनएमबि बैंकमा भाइवर र फेसबुक म्यासेञ्जरमार्फत खोल्न सकिने खातामा पहिलो पटकको मोबाइल बैंकिङ कारोबारमा १० प्रतिशत छुट वा ५०० रुपैयाँसम्मको नगद फिर्ता पाइने भएको छ । बैंकले दैनिक उपभोग्य बस्तुको भुक्तानी, टप-अप र स्क्यान टु पे भुक्तानीमा पनि छुट र नगद फिर्ताको व्यवस्था दिने जनाएको छ । यसयोजना अन्तर्गत वर्तमान कोभिडको परिवेशमा आफ्ना ग्राहकवर्गका लागि सावधानीपूर्वक मोबाइल बैंकिङ सेवाहरु प्रयोग गर्न प्रोत्साहित गरिएको छ । डिजिटल बैंकिङ सेवाको क्षितिज अभिवृद्धि गर्दै ग्राहक वर्गलाई सहजता प्रदान गर्नु बैंकको प्राथमिकता छ र हामी घरमै बसी ढुक्कसँग बैंकिङ गतिविधिहरु रोज्न सक्ने उपयूक्त माध्यम निर्माण गर्ने कार्यदिशातर्फ

NMB BANK
एनएमबि बैंक
move beyond

उन्मुख भएको बैंकको भनाइ छ ।

ग्राहकवर्गलाई बैंकिङ अनुभवहरु परिष्कृत भएको महसुस गर्न भाइबर र म्यासेन्जरकै प्रयोगले खाता/मुद्दती निक्षेप खोल्ने नवीनतम र सुविधाजनक सेवाहरु ल्याइएको हो । 'हालको परिप्रेक्ष्यमा यो सेवाको शुरुवात गर्नु सुरक्षाको मामलामा कुनै सम्झौता बिना ग्राहकवर्गलाई वित्तीय सेवाहरु छनौट गर्न सहयोग पुर्याउने सुरक्षित वातावरण तयार पार्नु हो,' बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# सिटिजन्स बैंकद्वारा सहयोगी विकास बैंकलाई एक्विजिसन गर्ने प्रस्ताव पारित

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनलको पाचौं विशेष साधारण सभा बैंक सम्पन्न भएको छ । कोरोना भाइरसको कारण जुम मार्फत बैंकले पाचौं विशेष साधारण सभा सम्पन्न भएको छ ।

बैंकका अध्यक्ष राजन सिंह भण्डारीले सहयोगी विकास बैंकलाई प्राप्ति ( एक्विजिसन) गर्नका लागि गरेको विशेष प्रस्ताव बैठकले पारित गरेको छ ।

विशेष साधारण सभाले सहयोगी विकास बैंक र सिटिजन्स बैंक इन्टरनेसनल



बीच भएका प्रारम्भिक सहमति तथा अन्तिम सम्झौतापत्रहरुको अनुमोदन गरेको छ । सहयोगी विकास बैंकको १०० कित्ता सेयरलाई सिटिजन्स बैंक इन्टरनेसनलको ९१.७५ कित्ता सेयर (१:०.९१७५) दिने गरी सेयर मूल्य अनुपात कायम गरिएको छ । जनकपुरमा केन्द्रिय कार्यालय रहेको सहयोगी विकास बैंकको जेठ २४ गते सम्पन्न विशेष साधारण सभाले समेत सहयोगी विकास बैंकलाई सिटिजन्स बैंक इन्टरनेसनलले प्राप्ति गर्न स्वीकृति प्रदान गरिसकेको छ । दुबै बैंकको विशेष/वार्षिकसाधारण सभाले स्वीकृति दिएसँगै सिटिजन्स बैंकइन्टरनेसनललाई सहयोगी विकास बैंक प्राप्ति गर्नका लागि बाटो खुलेको थियो । यसै आर्थिक वर्ष भित्रमा सहयोगी विकास बैंकलाई प्राप्ति गरी संयुक्त कारोबार प्रारम्भ गर्ने गरी तयारी रहेको सिटिजन्सका भण्डारीले बताए ।

जेठ २६ गते सम्मको तथ्यांकको आधारमा सिटिजन्स बैंकले सहयोगी विकास बैंकलाई प्राप्ति गरेपछि सर्वसाधारणबाट उठाएको निक्षेप ८७ अर्ब ५० करोड रुपैयाँ पुग्नेछ भने सर्वसाधारणलाई दिएको ऋण लगानी ७९ अर्ब ६२ करोड रुपैयाँ पुग्नेछ । प्राप्ति पश्चात बैंकको कुल शाखा १०८ हुनेछ । हाल सिटिजन्स बैंकको चुक्ता पूँजी ८ अर्ब ६२ करोड रुपैयाँ रहेकोमा प्राप्ति पछिको चुक्ता पूँजी ९ अर्ब ८ करोड रुपैयाँ पुग्नेछ । धनुषा, महोत्तरी, सिराहा, सर्लाही र सिन्धुली जिल्ला कार्यक्षेत्र भएको यस सहयोगी विकास बैंक लिमिटेडले १४ वटा शाखाहरूबाट बैंकिंग सेवाहरू प्रदान गर्दै आएको थियो । यी पाँच जिल्लामा हाल सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९ वटा शाखाहरू संचालनमा रहेकोमा यस बैंकको प्राप्ति संगै २३ वटा शाखाहरू संचालनमा आउने छन् जसबाट यस क्षेत्रका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

# बैकिङ्ग संसार

## ग्लोबल आइएमई बैंकले कर्मचारीलाई भिआरएस दिने

काठमाडौं । जनता बैंकसँग बिग मर्जर गरेको ग्लोबल आइएमई बैंकले कर्मचारीलाई अवकाश दिनको लागि स्वेछिक अवकास योजना (भिआरएस) प्याकेज ल्याएको छ । बैंकले सहायक महाप्रवन्धकभन्दा माथिल्लो पदमा कार्यरत कर्मचारीको लागि स्वेछिक अवकाश योजना ल्याएको हो ।

ग्लोबल आइएमई बैंक स्वेछिक अवकास योजना २०२० नाम दिएको अवकास योजनामा सहायक प्रवन्धकमाथिका कर्मचारी सहभागी हुन पाउनेछन् ।

बैंकले १४ महिनाको तलब यसरी अवकास योजनामा सहभागी हुने कर्मचारीलाई दिने छ । जसमा तलबको रुपमा अहिले पाइरहेको तलब हुने उल्लेख छ । ग्लोबल आइएमई बैंकमा अहिले १४० जनाजति सहायक प्रवन्धकभन्दा माथिल्लो पदमा कार्यरत कर्मचारी छन् ।

'मर्जरपछिको कर्मचारी व्यवस्थापनको लागि भिआरएस प्याकेज राम्रो भएपछि कोरोना भाइरसको समयमा आएको प्याकेजले कर्मचारीको मनोबल घटाउने काम गरेको छ,'ग्लोबल आइएमई बैंकका कर्मचारीले भने ।

भिआरएस योजनामा जनता बैंकबाट आएका बढी कर्मचारी अवकास हुने योजनामा छन् । ग्लोबल आइएमई बैंक र जनता बैंकले गतवर्ष असारमा मर्जरको सम्झौता गरेका थिए । मंसिरदेखि एकीकृत कारोबार सुरु भएको थियो । चुक्ता पूँजीको हिसाबले ग्लोबल आइएमई बैंक अहिले सबैभन्दा ठूलो बैंक हो ।

## बैंक अफ काठमाण्डूद्धारा बीर अस्पताललाई व्यक्तिगत सुरक्षात्मक उपकरण सहयोग

काठमाडौं । बैंक अफ काठमाण्डू लिमिटेडले आफ्नो संस्थागत सामाजीक उत्तरदायित्व नीति अर्न्तगत बीर अस्पताललाई २०० थान व्यक्तिगत सुरक्षात्मक उपकरण ९एएभ्० हस्तान्तरण गरेको छ । बैंकद्वारा श्री चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पतालका उप कुलपति प्रो. डा. देव नारायण शाहलाई एक कार्यक्रमका बिच उक्त व्यक्तिगत सुरक्षात्मक उपकरणहरु हस्तान्तरण गरीएको हो । जस अर्न्तगत बैंकले २०० थान व्यक्तिगत सुरक्षात्मक उपकरण, २०० थान मास्क र २०० थान फेस सील्डहरु हस्तान्तरण गरेको छ ।

उक्त व्यक्तिगत सुरक्षात्मक उपकरणहरुले विश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको प्रकोपबाट सृजना भएको कठिन परिस्थितिमा



सीमित स्रोत साधनका बिच संक्रमण नियन्त्रणको अग्रस्थानमा रहनु भएका स्वास्थ्यकर्मिहरुको सुरक्षामा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

लकडाउनको अवधिमा पनि अत्यावश्यक सेवा अर्न्तगत यस बैंकले एटिएम सेवा, नगद काउन्टर, रेमिट्यान्स लगायत एलसी, ग्यारेन्टी जस्ता सेवा सुविधाहरु प्रदान गर्नुका साथै आफ्ना ग्राहकहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै मोबाइल बैंकिङ्ग तथा इन्टरनेट बैंकिङ्ग जस्ता डिजिटल बैंकिङ्ग माध्यमहरुको अत्याधिक प्रयोग लाई उचित बढावा र प्रोत्साहन दिदै आईरहेको जानकारी समेत गराएको छ ।

## कुमारी बैंकको विशेष साधारणसभा सम्पन्न, देवःविकास बैंक प्राप्तिको प्रस्ताव पारित

काठमाडौं । कुमारी बैंक लिमिटेडको संचालक समितिका अध्यक्ष आमिर प्रताप राणाको अध्यक्षतामा यही जेष्ठ १९, गते बैंकको नक्साल प्राङ्गणमा विशेष साधारण सभा सम्पन्न भएको छ । सो साधारण सभामा कुमारी बैंक लिमिटेडद्धारा साविकको देव:विकास बैंकको प्राप्तिको प्रस्ताव पारित भएको छ । कुमारी बैंकका संचालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत लगायत उच्च व्यवस्थापन अधिकारीहरुका माझ एक समारोह बीच साविकको देव:विकास बैंक लिमिटेडको प्रारम्भिक सहमति तथा अन्तिम सम्झौतापत्रहरुको अनुमोदन सम्पन्न भएको छ ।




उक्त प्राप्ति पश्चात् बैंकको चुक्तापूँजी १२ अर्ब ५० करोडभन्दा बढी हुनेछ । साथै, निक्षेप १२० अर्ब तथा कर्जा लगानी १०५ अर्ब र शाखा संजाल भने २०९हुनेछ । यस विशेष साधारण सभा मार्फत प्राप्ति पश्चात् कुमारी बैंकको प्रति १ कित्ता शेयर बराबर देव:विकास बैंकको ०.८६ कित्ता शेयर अनुपातमा शेयर मूल्य कायमहुने गरी स्वाप रेसियो स्वीकृत भएको छ ।

यस कोभिड(१९ का कारण पर्न सक्ने सम्भावित असर एवं लकडाउनलाई मध्यनजर गर्दै सम्पूर्ण सुरक्षात्मक उपायहरू सबै अवलम्बनगरी बैंकले नवीन शैली प्रयोगमा ल्याउँदै डिजिटल प्लाटफर्म जुममार्फत शेयरधनीहरुको मन्तव्य, सुझाव लिएको थियो । यस विषम परिस्थितिमा डिजिटल प्लाटफमर्मा उल्लेखनीय सहभागिताकालागी शेयरधनीहरुलाई सम्पूर्ण बैंकको संचालक समितिका सम्पूर्ण सदस्यहरुले धन्यवाद व्यक्त गर्नुभयो ।

# मेरो कर्म



कृष्ण बहादुर बोगटी काका
चक्रबहिल- १२ बालकुमारी
ललितपुर

म कृष्ण बहादुर बोगटी जन्म मिति २०१५।८।१५ मेरो बाजे देखिको घर सिन्धुपाल्चोक हो । सिन्धुमा मेरा बुवा आमा लाई १२ महिना काम गर्दापनि तिन महिना भन्दा बढी खान नपुग्ने भएकोले मेरा पिताले सिन्धुको घर जग्गा छोडी काठमाण्डौ को धुमबाराहीमा आई बस्ने गर्नुभयो । २०१० सालमा देखि नै धुम्बाराही मा बस्दै आउनु भएको थियो रे । पछि मेरा बुबाले जिन्दगी भरिको कमाईले धुम्बाराइमा १० रोपनि जग्गा र एउटा पराले छाप्रो किन्नु भएछ । त्यो जग्गाको मालिक जो कोही भएतापनि मेरो जग्गा हो भनी हाडीगाउँ निवासी कल्याण राज जोसी भन्ने कुमाइ बाहुन थियो उसैले मेरो अनपढ बुवालाई जालझेल गरी उस्कै घरमा लगी सबै पैसा लिएर अब सबै जग्गा तिम्रो भो मैले पैसा लिए तर तिमी बाचुन्जेल जे जती फल्छ अलि अलि मलाई पदि दिने गर भनेर सबै पैसा लिई कृते कागज गराई राखेछ र २०३७ सालमा मेरो बुबाको मृत्यु भएकोले र  जग्गाको मोल पनि धेरै बढेकोले लोभ पाप पलाई मेरो बुबखको १३ दिनको काम सकेकै दिन नारनयणथान चौकीको पुलिस प्रशासनलाई किनी कल्याण राज जोशीले मेरो सबै सम्पत्ती खाइ दियो  मैले पछी त्यस जग्गामा तिन ओटा घर समेत बनाएको थियो किनभने मेरो दाजुभाई सात जना थियो ३७ साल देखी मेरो घरजग्गा कुमाईले आफ्नो पावर लगाई मेरो दाजुभाई लाई हनुमान ढोकामा थुनी अन्चाधिस लगाई मेरो सबै घर जग्गा खाईदियो भनी रिर्पोट गरे । त्यसबेला सभासद नानी मैया दाहाल हुनुहुन्थ्यो नानीमैया दाहलाले ३७ सालको अन्चलाधिसलाई पनि मुखमा थुकी गरिब मारेर खाने तलाई फरिया उचालि दली दिउँ भन्नु भएको थियो हाम्रो घर जग्गा खान कल्याण राज जोशी कुमाइले आफ्नो छोराको अफिस अन्नपुर्ण होटलको ओकील लगाई हामी सबैलाईफसाउन लगाई हाम्रो सबै सम्पत्ती खाइ दियो ।

त्यसबेला अन्चालाधिसको लेखापाल पनि हाम्रै गाउँको हुनुहुन्थ्यो लेखापाल रमेश अर्याललले पनि हाम्रो पक्ष लिएकै हो तर राजाको पावर छ भनी मेरो सबै सम्पत्ती खाई दियो त्यसबेला प्रधान पन्च भक्त बहादुर खड्का पनि अन्चलाधिस कार्यायल आई मैले डम्बर बहादुर बोगटीको नाममा २१ सालमा नापी गराएको हो भन्दा पनि पैसाको शक्ति  लगाई कल्याण राज जोसीले मेरो घर जग्गा सबै खाइ २०३७ साल देखी मेरो परिवार सबैलाई घर बार विहिन पारी दियो ।

हामी सबै साना र अनपढ भएको कारण चौकी मै छदा मार्छु भनकोले हनुमान ढोका चौकीबाट विरोध नगर्ने सर्तमा र घरबार सबै छोडी जाने सर्तमा कागज गराई छोडी दियो । त्यस दिन देखि घरबार विहिन भै परिवार पाल्दै आई रहेको थिए र भ्रष्टाचारी देख्यो की विरोध गर्न मन लाग्छ त्यसैले गरिब सडक बच्चा फसाई नाता गोता मात्र पोस्ने को विरोध गरे अनी झुटो आरोप पैसा शक्ति लगाई फसाई जेल हाली दियो अब कुनैपनि निर्दोषी नफसोस भनी बारम्बार लेख्न गरेको छु । जय नेपाल आमा जय  जय जय। ।

# पिँडालु खेतीप्रतिको मोह बढ्न थाल्यो

कञ्चनपुर । कञ्चनपुर र कैलालीमा बसोबास गर्ने राना थारू समुदायको पिँडालुखेतीप्रतिको मोह जारी रहेको छ । ती समुदायको खेतबारीमा सहजैरूपमा देखिने तरकारी बालीमा पिँडालु हो ।

ती समुदायले पुर्खौंदेखि सो खेती लगाउँदै आएका छन् । पौष्टिकताले भरिपूर्ण पिँडालुको तरकारी ती समुदायले अधिक रूचाउने गर्दछन् । घुमन्तेयुगदेखि हालसम्म निरन्तररूपमा ती समुदायले खेती गर्दै आएको तरकारी बालीका रूपमा पिँडालु रहेको छ । पिँडालुको पात, काण्ड र गानो तरकारीका रूपमा प्रयोग हुने गरेको छ ।

अरू तरकारीको तुलनामा पिँडालु निकै स्वास्थ्यवर्धक हुनुका साथै प्रशस्तमात्रामा प्रोटिन र कार्वोहाइड्रेट पाइने भएकाले ती समुदायले यसलाई रूचाउने गरेको शुक्लाफाँटा नगरपालिका १२ का वडाध्यक्ष बाले रानाले बताउनुभयो ।

रगत सफा गर्ने र छालासम्बन्धी रोग हटाउने औषधिका रूपमा समेत परम्परागतकालदेखि पिँडालुको प्रयोग हुँदै आएको छ उहाँले भन्नुभयो, "पिँडालुको तरकारीको सेवनले शरीरमा स्फूर्ति आउनुका साथै मानसिक तनाव हटाउन मद्दत पुऱ्याउछ ।"

रगत बगिरहेको भए पिँडालुको डाँठको चोप लगाउँदा रोकिने, पिँडालुको पातको तरकारी खानाले स्तनपाई आमाको स्तनमा दूधको मात्रा बढ्ने,अनुहारमा चमक आउने र पिसाब पोल्ने रोगबाट छुटकारा पाउन सकिने उहाँको भनाइ छ ।

उहाँले दुई कट्ठा जग्गामा पिँडालु रोप्नुभएको छ । प्रतिवर्ष उहाँले पिँडालु खेतीलाई निरन्तरता दिँदै आउनुभएको छ । पिँडालुखेती पुर्खाकै पालादेखि गरिँदै आएको हो उहाँले भन्नुभयो, "सहनसहन चालचलनसँगै पिँडालुखेती पनि राना थारू समुदायको अभिन्न अङ्गका रूपमा रहेकाले छाड्न सकिएको छैन ।"

पिँडालुखेती नगरेको रानालाई के राना भन्ने मोती रानाले भन्नुभयो, "अनिवार्यरूपमा सबैको घरआँगन छेउकै बारीमा सहजै पिँडालुखेती देख्न सकिने गरी लगाएको घर छ भने पक्कै पनि राना समुदायको घर भनेर चिन्ने गरिन्छ ।"

जेठको दोस्रो हप्तादेखि रोप्न शुरू गरिने पिँडालु कात्तिक महिनामा खन्ने गरिन्छ । परम्परागतरूपमा गरिने आलुखेती जस्तै पिँडालुखेती समेत गरिँदै आएको छ । बीउका लागि आवश्यक पिँडालु परालको पोकामा भण्डार गरेपछि बाँकी रहेको पिँडालुलाई वर्षभरि खानका लागि घरभित्र फिँजाएर राख्ने गरिन्छ । घरपरिवारका लागि आवश्यकताभन्दा बढी पिँडालु उत्पादन भएमा बजारमा लगेर बेच्नेसमेत गरिन्छ ।

पिँडालुको तरकारी बनाएर, दालमा राखेर र पोलेरसमेत खाने गरिन्छ । धानको भुसमा पोलेर र उसिनेर पिँडालुको स्वाद एकपटक चाख्नेले विर्षन सक्दैन इतवरीया रानाले भन्नुभयो, "पिँडालुको स्वाद नै बेग्लै किसिमको हुने भएकाले यसको बजारमा समेत बढ्दो माग छ ।"

पहिला परिवारका लागि तरकारी बनाउनका लागि मात्रै पिँडालुको खेती हुने गरेकामा हाल पिँडालुको बजारमा बढ्दो मागका कारण दामसमेत राम्रै पाइन थालेपछि धेरै परिवारले पिँडालु खेतीका लागि जग्गाको क्षेत्रफलसमेत विस्तार गर्दै आएका छन् । बजारमा हाल पिँडालु रू ५० प्रतिकिलोका दरले बिक्री हुने गरेको छ । राना थारू समुदायले खेती गर्ने पिँडालु बेग्लै जातको अरू पिँडालुको तुलनामा स्वादिलो हुने भएकाले बजारमा हातोहात बिक्री हुने गरेको छ । राना थारू समुदायका प्रतिपरिवारले हाल रू १० हजारदेखि रू २० हजारसम्मको पिँडालु बजारमा लगेर बिक्रीसमेत गर्दै आएको फागु रानाले बताउनुभयो ।

बलौटे, दोमट र चिम्ट्याइलो जुनसुकै माटोमा समेत फस्टाउने पिँडालुबाट राम्रो आम्दानी हुन थालेपछि यसको खेती विस्तार हुँदै जान थालेको उहाँले बताउनुभयो । जनावर र रोग किराबाट समेत अन्य बालीको तुलनामा पिँडालुखेती गर्ने किसानले नोक्सानीसमेत व्यहोर्नु पर्दैन । कञ्चनपुरका राना थारू बसोबास गर्ने ११० गाउँमा पिँडालुखेती हुने गरेको छ ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका प्रमुख रामचन्द्र भट्टले पिँडालुखेती ती समुदायले अनिवार्यरूपमा लगाउँदै आए पनि अन्य समुदायले पनि खेती गर्दै आएको बताउनुभयो । उहाँका अनुसार कैलाली र कञ्चनपुरमा झण्डै बीस हेक्टर क्षेत्रफलभन्दा बढी जग्गामा लगाइने पिँडालुखेती गर्ने अधिकांशमा राना थारू समुदाय नै रहेका छन् ।

पिँडालुको गानोमा प्रशस्तमात्रामा स्टार्चसँगै विभिन्न किसिमका पौष्टिक तत्व पाइने भएकाले स्वास्थ्यका लागि निकै लाभदायक रहेको उहाँले बताउनुभयो । पिँडालुखेती विस्तारका लागि किसानबाट अनुदानलगायतका अन्य कार्यक्रमको भने हालसम्म माग भई आएको छैन उहाँले भन्नुभयो, "परम्परागतकालदेखि लगाइँदै आएको पिँडालुखेतीलाई व्यावसायिक बनाउनका लागि कार्य अगाडि बढाउनका लागि तत्पर छौँ ।" पिँडालुखेतीका लागि विशेष गरी २१ देखि २७ डिग्री सेल्सियस तापक्रमको आवश्यकता पर्दछ ।

एक हेक्टर क्षेत्रफलमा पिँडालुको उत्पादन १० देखि १२ टनसम्म हुने गरेको छ ।

## गण्डकी प्रदेश सभाद्धारा विधेयक पारित

पोखरा । गण्डकी प्रदेश सभाको आजको बैठकले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक पारित गरेको छ। बैठकमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्सालले विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भन्दै गर्नुभएको प्रस्ताव सभाले सर्वसम्मत पारित गरेको हो। यसअघि विधेयक माथि सदस्यले उठाएका प्रश्नको जवाफ दिदै मन्त्री लम्सालले आजको युग विज्ञान प्रविधिको युग भएको बताउँदै यसको अभावमा समृद्धि र विकासका लक्ष्य हासिल गर्न नसकिने बताउनु भयो। विज्ञान तथा प्रविधि विना समृद्धि असम्भव भएको बताउँदै प्रदेश सरकारले आफ्नो प्रथम पञ्चवर्षीय योजनामा यसलाई प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो। प्रदेशमा विज्ञान प्रविधिको आविष्कारका लागि विधेयक महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्दै मन्त्री लम्सालले यसका माध्यमबाट समुन्नत प्रदेश निर्माणसँगै रोजगार अभिवृद्धि लगायतमा महत्वपूर्ण उपलब्धि हासिल हुने धारणा राख्नुभयो। बैठकमा विधायन समितिका सभापति मोहनप्रसाद रेग्मी र अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले समितिका वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभएको थियो।

# रामेछाप डायरी

## गोकुलगंगाका एक कोरोना संक्रमित अझै बेपत्ता

रामेछाप । शुक्रबारदेखी फरार रामेछापका एक कोरोना संक्रमित अझै बेपत्ता छन् । संक्रमण पुष्टि भएपछि फरार भएका गोकुलगंगा गाउँपालिकाका दुई जनामध्ये एक जनालाई प्रहरीले फेला पार्न अझै सकेको छैन । जिल्ला स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कुमार कर्णले आइतबार साँझ ५ बजेसम्म फरार भएका संक्रमित व्यक्तिलाई फेला पार्न नसकिएको बताए । प्रहरीले संक्रमित व्यक्ति भागेर लुक्न सक्ने ठाउँहरुको पहिचान गरी सुक्ष्म रुपमा खोजी गरिरहेकाले चाडै फेला पर्ने उनको भनाई छ । शुक्रबार गोकुलगंगा गाउँपालिकाका ११ जना र लिखुतामाकोशी गाउँपालिकाका ६ जना गरी १७ जनामा एकैदिन कोरोना संक्रमण पुष्टि भएको थियो । यसमध्ये गोकुलगंगा गाउँपालिका दुई जना संक्रमित फरार भएका थिए । फरार दुईजनामध्ये एक जना फेला परिसकेका छन्। गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्क बहादुर सुनुवारले भारतबाट आएर क्वारेन्टिनमा बसेकालाई पीसीआर रिपोर्ट आउनुअघिनै घर पठाएका थिए । तर घर पठाइएकाहरुको पीसीआर रिपोर्ट पोजेटिभ आएपछि दुईजना फरार भएका थिए । अहिले संक्रमण पुष्टि भएका १७ मध्ये १६ जना जिल्ला अस्पताल रामेछापको आइसोलेशनमा छन् । उनीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

## रामेछापमा १ सय २६ जना क्वारेन्टिनमा

रामेछाप । रामेछाप जिल्लाको विभिन्न पालिकाहरुमा बनेका क्वारेन्टिनमा अहिले १ सय २६ जना बसेका छन् । भारत लगाएतका विभिन्न ठाउँबाट घर आएका मानिसहरुलाई क्वारेन्टिनमा राखिएको छ । आइतबारसम्म उमाकुण्ड गाउँपाकिलामा २१ , मन्थली नगरपालिकामा २५ , रामेछाप नगरपालिकामा १९ , गोकुलगंगा गाउँपालिकामा १० , खाँडादेवी गाउँपालिकामा ७ , सुनापति गाउँपालिकामा २ , दोरम्बा गाउँपालिकामा १० र लिखुतामाकोशी गाउँपालिकामा ३२ जना गरी १ सय २६ जनालाई क्वारेन्टिनमा राखिएको स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कुमार कर्णले बताए । कर्णका अनुसार शुक्रबार कोरोन संक्रमण पुष्टि भएका गोकुलगंगा गाउँपालिकाका १० जना र लिखुतामाकोशी गाउँपालिकाका ६ जना जनालाई जिल्ला अस्पतालको आइसोलेशनमा राखिएको छ । उनीहरु सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ । कोरोना संक्रमणको सम्भावित जोखिमतालाई मध्येनजर गरी जिल्लामा ७४ शैयाको आइसोलेशन कक्ष र ३ सय ६१ शैयाको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ ।

## जुम्लामा कार्यरत एक सहित रामेछापका १८ जना संक्रमण पुष्टि

रामेछाप । रामेछाप जिल्लाका १७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । धुलिखेल अस्पतालमा पीसीआर परीक्षण गरिएका १७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय रामेछापका निमत्त प्रमुख जितेन्द्र कुमार कर्णले जानकारी दिए । उनका अनुसार संक्रमण पुष्टि हुनेहरु १७ देखी ४९ वर्ष सम्मका पुरुष रहेका छन् । कर्णले भारतबाट आएर जिल्लाको विभिन्न स्थानमा क्वारेन्टिनमा बसेका ७० जनामध्ये ४० जनाको पीसीआर रिपोर्ट आएकोमा १७ जनाको रिपोर्ट पोजेटिभ आएको बताए । उनले अरु २३ जनाको भने पीसीआर रिपोर्ट नेगेटिभ रहेको बताए ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा संचारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले संचार क्षेत्रको हवाला दिदै संचारमाध्यम तथा सामाजिक संजालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुदा कोही कसैले पनि गैरकानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाइएमा कानून बमोजिम कारवाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# रोजगारीलाई जोड्दै रुपातालको माछा

पोखरा । प्राकृतिक सम्पदाको संरक्षणसँगै यसको भरपुर उपयोग गर्ने हो भने रोजगारीको गतिलो आधार खोज्न सकिन्छ भन्ने तथ्यलाई यहाँको एउटा सहकारीले चरितार्थ पारेको छ ।

प्राकृतिक एवं मानवीय अतिक्रमणसँगै तालको अस्तित्व नै सङ्कटमा पर्दै गएको वास्तविकतामा पोखरा उपत्यकाको तेस्रो ठूलो तथा सुन्दर रूपातालको संरक्षणसँगै माछापालन गरेर रूपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी लिमिटेडले राम्रै आम्दानी गरेको छ ।

रामसार सूचीमा सूचीकृत रूपाताल जलाधार क्षेत्रका स्थानीय बासिन्दाको सक्रियतामा २०५८ सालमा स्थापित संस्थाले स्थापनाकालयता तालको संरक्षण र प्रवर्द्धनका साथै तालमा माछा पालेर मनग्य आम्दानी गर्दै आएको छ ।

जैविक विविधता र विविध पारिस्थितिकीय प्रणालीका कारण यस क्षेत्रलाई महत्वपूर्ण स्थालका रूपमा लिने गरिएको रूपातालमा प्राकृतिक आहारा प्रशस्त पाउने हुँदा माछापालन पनि राम्रैसँग फस्टाएको छ । सिमल काँडे, लेउ, करौते, नाभोलगायत विभिन्न झारको चपेटामा परेर तालको सम्पूर्ण भूभाग ढाकी सङ्कटमा पर्दै गएको तालललाई बचाउँदै त्यसबाट आम्दानी गर्दै आएको सहकारीका अध्यक्ष लेखनाथ ढकालले जानकारी दिनुभयो ।

"पानीमा मौलाएको झार आहारा बनाउने उन्नत जातका माछाका भुरा प्रत्येक वर्ष तालमा छोड्दै आएका छौँ", उहाँले भन्नुभयो, "हुर्केका माछाले झार खान थालेपछि अहिले तालको मुहार फेरिनाका साथै माछा बिक्रीबाट सहकारीले राम्रो आम्दानी गर्दै आएको छ ।" उहाँका अनुसार रूपातालको स्वादिष्ट माछा बिक्री हुँदैनकी भन्नै पर्दैन, ग्राहक तालको छेउमा रहेको सहकारीको कार्यालयमै खरिद गर्न आउने गरेका छन् । सहकारीले गत वर्ष कूल रू एक करोड ८७ लाख मूल्यबराबरको माछा उत्पादन गरेको थियो । चालू आवको हालसम्म रू एक करोड ४० लाखको माछा उत्पादन भएको छ ।

प्रत्येक दिन साँझ तालमा सातजना कर्मचारीमार्फत तालको छुट्टाछुट्टै स्थानमा सातवटा महाजाल थाप्ने गरेको बताउँदै ढकालले बिहान सबेरै जाल झिक्दा १०० देखि ५०० केजीसम्म माछा पर्ने गरेको छ । सहकारीले तालको माछा छोपेर आम्दानी गर्नेमात्र नभई प्रत्येक वर्ष लाखौँ माछाका भुरासमेत छोड्ने गरेको छ । यस वर्ष ६० हजारभन्दा बढी विभिन्न जातका भुरा छोडिसकिएको अध्यक्ष ढकालले जानकारी दिनुभयो । संस्थाले पोखरा महानगरपालिका वडा नं ३१ स्थित चौरमा सात रोपनी जग्गा खरिद गरी ह्याचरीसमेत सञ्चालन गरी भुरा उत्पादन तथा हुर्काउने गरेको छ । सहकारीले तालमा अहिलेसम्म ६० लाखभन्दा बढी भुरा छोडेको छ भने स्थानीय जातका माछाको संरक्षण गर्दै आएको छ । दुई दशकअघि ३६ जना शेयर सदस्यबाट रू पाँच हजार लिएर शुरू गरेको सहकारीमा आकर्षण बढेसँगै अहिले ८७२ जना शेयर सदस्य पुगेका छन् । रूपाताल जलाधार क्षेत्रका स्थानीय बासिन्दालाई संस्थाको शेयर सदस्य बनाउने प्रावधान सहकारीको छ । तालमा उत्पादित माछा रहु, नैनी, कमन, ग्रास भाकुर प्रतिकेजी रू ४५०, सिल्भर रू ३३०, तिलेपिया प्रतिकेजी रू ३०० र लोकल सहर प्रतिकेजी रू एक हजारमा बिक्री गर्ने गरेको सहकारीका उपाध्यक्ष जानुका अधिकारी बताउनुभयो । उन्नत जातका तीन केजीभन्दा बढी तौलको माछाको दर भने केही बढी हुन्छ ।

संस्थाले जलाधार क्षेत्रअन्तर्गतका १४ वटा सामुदायिक वन समूहलाई रू पाँच/पाँच हजार, १७ वटा सामुदायिक विद्यालयलाई छात्रवृत्ति प्रदान गर्न रू चार हजारका दरले आर्थिक सहयोग गरेर सामाजिक उत्तरदायित्वसमेत पूरा गर्दै आएको उहाँको भनाइ छ । संस्थाले स्थानीय आमा समूह, युवा क्लबलगायत यस क्षेत्रमा हुने विभिन्न मेला महोत्सवमा समेत आफ्नो उपस्थिति जनाउँदै आएको छ ।

सहकारी स्थापनासँगै शुरूमा तालको दक्षिणतर्फको ४२५ मिटर लम्बाइको सालको खम्बामा कालो नाइलनको जाली राखेर छेकबार निर्माण गरिएको छ । तालमा हुर्केका माछा जोगाउनका लागि छेकबार राखिएको हो । १०७ हेक्टर क्षेत्रफलमा फैलिएको रूपा तालको गहिराई चारदेखि ६ मिटर रहेको छ । संस्थाले माछाको संरक्षण, तालको फोहर सरसफाइ र माछा छोप्नका लागि १६ वटा डुङ्गा खरिद गर्नाका साथै तालमा सयर गर्ने पर्यटकका लागि एउटा मोटरबोटसमेत सञ्चालन गर्दै आएको छ । सहकारीमा हाल १९ जनाले प्रत्यक्ष रोजगारको अवसर प्राप्त गरेका छन् ।

विश्वव्यापी फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण रोक्नका लागि गरिएको बन्दाबन्दीका कारण चैत ११ देखि जेठ १९ गतेसम्म माछा झिकिएन । जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिएर गत जेठ २० गतेदेखि माछा झिकेर बिक्री गर्न शुरू गरेको संस्थाका प्रबन्धक नवराज खड्काले जानकारी दिनुभयो । आज बिहानमात्र ५८ हजार मूल्यबराबरको माछा महाजालमा परेको थियो । सहकारीले तीन समूहमार्फत २४सै घण्टा डुङ्गामार्फत माछाको सुरक्षाको व्यवस्था मिलाइएको छ ।

> दुई दशकअघि ३६ जना शेयर सदस्यबाट रू पाँच हजार लिएर शुरू गरेको सहकारीमा आकर्षण बढेसँगै अहिले ८७२ जना शेयर सदस्य पुगेका छन् । रूपाताल जलाधार क्षेत्रका स्थानीय बासिन्दालाई संस्थाको शेयर सदस्य बनाउने प्रावधान सहकारीको छ । तालमा उत्पादित माछा रहु, नैनी, कमन, ग्रास भाकुर प्रतिकेजी रू ४५०, सिल्भर रू ३३०, तिलेपिया प्रतिकेजी रू ३०० र लोकल सहर प्रतिकेजी रू एक हजारमा बिक्री गर्ने गरेको सहकारीका उपाध्यक्ष जानुका अधिकारी बताउनुभयो । उन्नत जातका तीन केजीभन्दा बढी तौलको माछाको दर भने केही बढी हुन्छ ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।



# नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
## सूचना तथा प्रसारण विभाग


## अन्तराष्ट्रिय समाचार

### लकडाउन खुल्का ठाउँमा टेन्टको अत्यधिक माग

कोरोनाभाइरसको त्रास र लकडाउनका कारण लामो समयसम्म बन्द भएर व्यापार व्यवसायहरु पुनः संचालन हुन थालेपछि टेन्टको माग ह्वात्तै बढेको छ । अमेरिकाका सबैजसो शहरहरुमा टेन्टको माग अत्यधिक बढेको एक अध्ययनले देखाएको अधिकारीहरुले जनाएका छन् । कोरोनाभाइरसको त्रासका कारण त्यसबाट बच्नका लागि व्यापार व्यवसाय संचालन गरेको ठाउँलाई फराकिलो बनाउनका लागि टेन्टको माग बढेको बताइएको छ ।

रेस्टुरेन्ट, होटल, खुद्रा पसललगायतले आफ्ना ग्राहकका लागि टेन्ट लगाएर ठाउँ विस्तार गरेको पाइएको छ ।

व्यापार व्यवसाय संचालन गर्दा कामदारका लागि र ग्राहकहरुका लागि पनि सामाजिक दुरी बढाउन पहिले प्रयोग गर्दै आएको ठाउँ साघुँरो भएकाले टेन्ट लगाएर फराकिलो बनाउनु परेको व्यवसायीहरुले बताएका छन् ।

माग अत्यधिक बढेकाले देशभरका टेन्ट उत्पादक तथा विक्रेताहरुलाई अहिले भ्याई नभ्याई देखिएको वाल स्ट्रीट जर्नलले जनाएको छ ।

जर्नलमा प्रकाशित विवरण अनुसार एकै पटक धेरै उत्पादन, वितरण वा सेवा प्रवाह गर्नु पर्ने भएकाले पनि व्यवसायीहरुले टेन्टको माग गरेको पाइएको छ । उनीहरुले आफ्ना मेसिन तथा अन्य सामानहरु, कामदार र उपभोक्ताका लागि थप टेन्टको आवश्यकता परेको बताउने गरेका छन् ।

अध्ययनकर्ताहरुले सबै सेवा तथा उत्पादनको मुल्य बृद्धि पनि अत्यधिक भएको पाइएको जानकारी दिएका छन् ।

टेन्ट बिक्री वितरण गर्दै आइरहेको डेल्टा कम्पनीले पाँच बर्ष यताकै सबैभन्दा धेरै टेन्ट बिक्री वितरण भएको जनाएको छ ।

म्याक किन्नीका सहप्रवन्धक अम्बेर्ली स्लाभेन्सले पहिलाभन्दा अहिले झण्डै तेब्बर व्यापार भएको जानकारी दिनुभयो । व्यापार व्यवसायका लागि मात्रै नभई कलेज तथा विद्यालयमा समेत विद्यार्थीहरुका लागि टेन्टको माग बढेको उनीहरुले बताएका छन् ।

साविकको ठाउँ सामाजिक दुरी कायम गर्दा साँघुरो हुने भएकाले टेन्ट मार्फत् कक्षा कोठालाई फराकिलो बनाइएको वा नयाँ कक्षा कोठा बनाइएको उनीहरुको भनाई छ । जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार अमेरिकामा कोरोनाभाइरसका कारण अहिलेसम्म १९ लाख नौ हाजार ७७ जना सङ्क्रमित भएका छन् भने मृत्यु भएकाहरुको संख्या एक लाख नाघेको छ ।

### भारतमा एकैदिन १० हजार संक्रमित

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितको दैनिक संख्या बढ्दै गइरहेको छ ।

सरकारी अधिकारीहरुले आइतबार सार्वजनिक गरेको विवरण अनुसार एकैदिनमा झण्डै १० हजार जना सङ्क्रमित भेटिएका छन् । सङ्क्रमितहरुको यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै रहेको जनाइएको छ ।

त्यसैगरी गएको २४ घण्टामा कोरोना भाइरसका कारण मृत्यु भएकाहरुको संख्या पनि २८७ रहेको अधिकारीहरुले जनाएका छन् । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले हरेक दिन सार्वजनिक गर्ने विवरणमा पछिल्लो विवरणमा नै सबैभन्दा धेरै सङ्क्रमित देखिएका हुन् । भारतमा सोमवार विहानसम्म सङ्क्रमितको संख्या दुई लाख ५७ हजार ४८६ पुगेको छ । कुल सङ्क्रमितमध्ये एक लाख २० हजार ४०६ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

त्यसैगरी कुल मृतकको संख्या सोमवार विहानसम्म ७ हजार २०७ पुगेको छ भने एक लाख १९ हजार २९३ जना सङ्क्रमण मुक्त भइसकेका छन् । भारतका सबै प्रदेशहरुमध्ये सबैभन्दा धेरै महाराष्ट्रमा सङ्क्रमित भेटिएका छन् । जहाँ ८२ हजार ९६८ जना सङ्क्रमित भएका छन् । त्यसैगरी दोस्रो धेरै सङ्क्रमित भएको तमिलनाडु प्रदेशमा कुल ३० हजार १५२ जना सङ्क्रमित भएका छन् । भारतको स्वास्थ्य मन्त्रालयले अहिलेसम्म देशभरी कुल ४६ लाख ६६ हजार ३८६ जनाको कोरोना परिक्षण गरिएको जनाएको छ । तीमध्ये एक लाख ४२ हजार ६९ जनाको पछिल्लो २४ घण्टा भित्र परीक्षण गरिएको थियो ।

### डब्लुएचओबाट बाहिरिने ब्राजिलका राष्ट्रपतिको चेतावनी

ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोले आफ्नो देश विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)बाट बाहिरिने चेतावनी दिनुभएको छ । उहाँले शुक्रबार डब्लुएचओलाई यस्तो चेतावनी दिनुभएको अधिकारीहरुले जानकारी दिएका छन् । डब्लुएचओले यस्तै व्यवहार गरिरहयो भने ब्राजिल डब्लुएचओबाट बाहिरिन पनि पर्न सक्दछ, उहाँले भन्नुभयो ।

उहाँले डब्लुएचओलाई राजनीतिक प्रभावमा परेर त्यस्तै प्रकारको भूमिका खेल्न लागेको आरोप पनि लगाउनु भएको छ ।

राष्ट्रपति बोल्सोनारोले देशमा लकडाउन खुल्ला गरेकोमा डब्लुएचओले असहमति जनाउदै गलत भएको टिप्पणी गरेपछि उहाँले यस्तो चेनावनी दिनुभएको हो ।लकडाउन खुल्ला गरेकाले ब्राजिलमा कोरोना भाइरसबाट संक्रमितहरुको संख्या अत्याधिक बृद्धि भएको भन्दै डब्लुएचओले चिन्ता व्यक्त गरेको थियो ।

डब्लुएचओले सामाजिक दुरी कायम राख्ने कुरालाई बढी ख्याल गर्न पनि ब्राजिललाई आग्रह गरेको थियो । तर यस विषयमा राष्ट्रपति बोल्सोनारोले लामो समयदेखि असहमति राख्दै आउनु भएको छ । उहाँको यही असहमति र फरक मतका कारण तत्कालिन स्वास्थ्य मन्त्रीलाई पनि बर्खास्त गर्नुभएको थियो । मन्त्रीले लकडाउन लगाउने चाहने तर राष्ट्रपति बोल्सोनारोले भने लकडाउन लगाउन नहुने भनेकाले ती मन्त्री बर्खास्तीमा परेका हुन् ।

लकडाउन खुकुलो बनाएकै कारणले ब्राजिल अहिले अरु धेरै देशहरुलाई समेत उछिनेर कोरोना भाइरसबाट संक्रमित हुने दोस्रो धेरै संख्या रहेको देशमा पुगेको छ । पछिल्लो विवरण अनुसार ब्राजिलमा अहिलेसम्म ६ लाख ४६ हजार ६ जना सङ्क्रमित भएका छन् भने, ३५ हजार ४७ जनाको मृत्यु भइसकेको छ ।

सवैभन्दा धेरै संक्रमित र मानवीय क्षति भएको संयुक्त राज्य अमेरिकाले पनि यसअघि नै डब्लुएचओबाट बाहिरिने घोषणा गरेको थियो भने डब्लुएचओलाई दिदै आएको सहयोग कटौती गरेको थियो ।

अमेरिकाको निर्णय आएको केही हप्तापछि दोस्रो धेरै संक्रमित र मानवीय क्षति भोगेको ब्राजिलले पनि उस्तै चेतावनी दिएपछि विश्वभरी नै नयाँ तरंग सृजना गरेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



पुस्तक अंश

# लोग्नेका नाममा कलंक

रामकुमार एलन

स्याउलीबाङ गाविसका दुःखसँग मकवानपुर जोडिएको छ । अधिकांश तामाङ जातिको बाहुल्य भएकाले गरिबी, दुःख, अभावमा उनीहरू नै पिल्सिएका छन् । त्यसमाथि चेपाङ, मगरहरू पनि छन् । विकट र दुर्गमले सिङ्गो जिल्ला पिसिएको छ । शिक्षा केही हुनेखानेको पहुँचमा छ । सुविधा उनीहरूकै काबुमा । गाउँका स्कुल र तिनका मास्टर तिनकै पहुँचमा । स्वास्थ्यचौकी र औषधि पनि । हुलाक उनीहरूकै । गाउँमा पुगेको देखिने विकास यही हो । बाटोका अध्यक्ष र चामल बाँड्ने भान्छे उनीहरूकै । कुनै तालिम, सुविधा आए मान्छे उनीहरूकै । त्यसैले गाउँका निम्छराका दिन फेर्न सकिएको छैन । थुप्रै गाविसमा यही समस्या छ । समस्या देखाएर डलर पचाउनेहरू पनि छन् ।

वेश्यालयको कोठरीबाट फर्किएपछि पार्वतीका दिनहरू झन् दुःखमा परे । अहिले सहकारीको कुरा गर्नुअघिका उनका काला दिनहरू मकवानपुरकै प्रतिनिधि नियति हो । यही नियतिका सिकार छन् अझै सयौं पार्वती । धेरैले खोलाको भलमा हाम्फालेर ज्यान फालेका छन् । कैयौं लालझाडी वनमा झुन्डिएका छन् । कैयौं फेरि वेश्यालय फर्केका छन् । नियतिका घट्टमा पिसिएर गाउँमा बाँच्न कति गाह्रो छ, पार्वतीलाई राम्रो थाहा छ । उनी त्यही नियतिलाई जितेर आज सहकारी नानी भएकी हुन् । कोठीबाट फर्केपछिका काला रातहरूको एउटा चलचित्र नै बन्छ ।

गाउँ फर्केपछिका पार्वतीका दिन झन् समस्यामा परे । वरपरका सखीहरू बोलेनन् । घर थिएन । लोग्ने थिएन । माइतमा आमाबाबुले बाहिर एउटा कोठामा राखिदिए । दाइभाइको विवाह भइसकेको थियो । भाउजू र बुहारीहरू नै मुख बोल्दैनथे । प्याच्च वचन लगाउँथे । आमाबाबु पनि गाउँलेका कुरा सुन्न नसकेर हत्तु भएका थिए । हो, गाउँमा बस्न कहाँ सजिलो छ र ? तल्लाघरे काकाले सुनाए, 'म भए यस्ती कुलङ्गार्नीलाई जिउँदै आगो लगाइदिन्थेँ । कुन मुख लिएर गाउँ आएकी तिम्री छोरी । शरम जति कोठीमा बेचिछे । बरू त्यतै रेलका पट्टामा सुतेर मरेकी भए हुन्थ्यो जाति ।'

कट्टेलले कोठीमा बेचिएकी छोरी पालेर गाउँकै इज्जत फाले । हाँडीगाउँको नाम नै लिन्न भन्न थाले । पानी बार्न पर्छ कि कट्टेलसँग । गाउँका चोक, चौतारामा र मेलापात अनि कुवा र पँधेरामा कुरा काटियो । फनबोर्डले धारा बाँड्दै छ गाउँमा । सबैले भने, 'त्यो कट्टेललाई एउटा छुट्टै धारा दिऊँ । हाम्रोमा नमिसाऊँ ।' गाउँमा किसान समूह बन्दै थियो । कुरा काटियो, कट्टेललाई सदस्यमा हाल्ने होइन नि ? त्यसका छोरीले हाम्रो नाक राप्तीमा बगाइदिई । कस्ता छिमेकी परे भने । अब लाठेहरू सब एड्सले मर्ने भए । गाउँमै कोठीकी ठिटी छन् । जोगाऊँ है ठिटाहरूलाई । झुक्केर घोडा चढ्लान् र होला एड्स ।

कति गाह्रो छ बाँच्न । समाजका टाठाबाठा नै यस्तै करौंतीले रेट्छन् । कति सहने ? कति सुन्ने ? कान पाके । गाउँलेका के कुरा भाउजूबुहारी नै घरमा गाल लगाउँथे । आमाबाबु धुरूधुरू रून्थे । बुढेसकालमा छोराबुहारीको हेला सहनुपर्ला भनेर चुप रहन्थे । घाँटीसम्म आउने गरी भन्थे । गाउँले बाहिर कतै निस्कनै हुन्थेन । गौँडा, मकैबारी र कान्लामा पाए केटाहरू हाकाहाकी भन्थे, 'ओइ भालु, मसँग सुत्छेस् । हुन त के मान्थिस् । आइसीका बिटा लिने बानी परेको ।' आँखाबाट तप्प आँसु चुहिन्थे । फनन घुमाएर ल्याउँथ्यो । ज्यान फतक्क गलेर भक्लक्कै ढल्लाजस्तो । हे आमा, किन कोठीमै झुन्डेर मरिन ? किन मलाई डोऱ्याएर ल्यायौ गाउँमा, पार्वती दुईहातले आँखा छोपेर घोप्टो पर्थी । उसलाई मर्नु निको लाग्थ्यो त्यतिबेला ।

गाउँमा कोही कोठीबाट फर्केकालाई राम्रो मान्थेनन् । भएभरको रिस थोपरिन्थ्यो । त्यही गाउँमा वर्षौं बसेका बूढा आमाबाबु पनि पापी ठहरिन्थे । मेलापात, पानीपँधेरोमा समेत पानी बारेर साँच्चैको पछौटेपनमा बाँचेको छ समाज । गाउँलेका कुराले आफ्नो भनेकाहरू पनि टाढिन्थे । पीरैपीरमा आमाबाबु डुबेका थिए । फर्केको दुई महिना गाउँमा बस्न पार्वतीलाई निकै गाह्रो भयो । बरू उनलाई कोठी निको लाग्यो । त्यहाँ खुरूखुरू आउँथे/जान्थे । बरू पिट्थे, चुरोटले पोल्थे । तर, वचन लगाउँदैनथे । साँच्चै पार्वतीलाई गाउँ फर्केकोमा पछुतो भयो । गाउँमा फर्केका थुप्रै युवती फेरि किन गाउँ छाडेर सर्कस, गलैंचा र कोठीमै गए ? पार्वतीलाई राम्ररी थाहा भयो ।

बारीको गिँदरीको रूखमा झुन्डिन मन लाग्यो पार्वतीलाई । बाढी आउँदाको राप्तीमा भ्वाम्म फाल हान्न मन लाग्यो । दलिनमा आमाले सिउरेको मुसाको दबाई खाएर लालझाडी जङ्गलमा सुत्न जाऊँजाऊँ लाग्यो । सान्नानीटार आएर गुडिरहेको गाडीअघि सुतिदिउँजस्तो लाग्यो । जीवनदेखि हरेश खाइन् पार्वतीले । उनलाई आमाबाबु सुकेर मर्लान् भन्ने पीर लाग्यो । त्यसपछि भाउजू र बुहारीका भएका दाइभाइले पनि गाउँ निकाला गर्लान् भन्ने डर लाग्यो । बिचरा दाजुभाइ के गरून् । मजस्ती बेचिएकी बहिनी च्यापेर छिमेक छाड्न सक्दैनथे । त्यसमाथि छुराजस्ता भाउजू र बुहारीका मुखका अगाडि थर्थर । बरू पार्वतीलाई नै गाउँ मात्र होइन धर्ती छाडेर भगवान्को प्यारो हुन मन लाग्यो ।

वेश्यालयमा बेचिनु ठूलो थिएन । गाउँका थुप्रै बेचिएका छन् । कोही-कोही पार्वतीजस्तै भागेर गाउँ फर्किएका छन् । कोही-कोहीलाई एचआईभी भएपछि कोठीले नै निकाल्छ । गाउँ फर्केका थुप्रैले बिहे गरेका छन् । बिहेपछि जन्मेका दुइटा छोरामा, लोग्नेमा पनि एचआईभी देखिएको छ । साँच्चै गाउँमा एड्स सङ्क्रमण बढेको छ । जातीय छुवाछुतपछि गाउँमा अहिले एड्सछुवाछुत फैलिएको छ । कोठीबाट फर्केकाको यो पीडा छ । एचआईभी(एड्सको सिकार भएकाको के हालत होला ? साँच्चै बाँच्न कति गाह्रो छ गाउँमा ।

गाउँले कुरा काट्छन् । एड्स भएकाको घरको धुवाँ आए पनि अरूलाई सर्छ । एड्स भएकालाई गाउँबाट लखेट्नुपर्छ । एड्स सङ्क्रमण भएका युवा स्वास्नीलाई पिट्थे । तँलाई बिहे गरेर म अकालमै मर्ने भएँ । बच्चाबच्ची पनि मारिस् । कुलवंश सिध्याइस् । तलाई मारेर मर्छु । साँच्चै एचआईभी/एड्स लुकाएर मात्र बाँच्न सकिन्छ । एचआईभी(एड्सको सङ्क्रमण बढेको छ । गाउँभरि विदेश जाने फर्किएका छन् । तिनले पनि सारे पत्नीलाई । एक दिन गाउँमा एउटा टोली आयो । टोलीले यस्तै कुराको उठान गऱ्यो । भ्रममा गाउँ बाँचेको छ । अपमान होइन माया गर्नुपर्छ भने उनीहरूले । गाउँलेले गाली गरे । 'गति फालेर मुतुनो जोत्दै हिँड्ने । अहिले एड्स बोकेर फर्किएकालाई हामीले माया गर्ने ? लैजानुस्, तपाईंहरू र गर्नुहोस् माया,' गाउँका टाठाबाठाकै स्वर यस्तो थियो । भन्थे, 'थुतुनो र मुतुनो जोगाउन नसक्ने मान्छे होइन कुकुर हो ।' गाउँको अन्धविश्वास, रूढिवादी गतिलै समाचार हुन्थ्यो । तर, पत्रकारहरू हेटौँडामै हराइरहेका थिए । गाउँका कुरा ओझेलमै थियो । उनीहरूकै साथ लागेर पार्वती काठमाडौं गइन् ।

ठुल्दिदी भन्ने संस्थाले लगेको हो पार्वतीलाई । ठुल्दिदी भारतका कोठी, सर्कस र गलैंचामा बेचिएका दुःख पाएर घर न घाट भएका चेलीको आश्रम रहेछ । त्यहाँ पार्वतीले आफूजस्ता थुप्रै दुःख पाएका फेला पारिन् । पढेलेखेका पनि लोग्नेमार्फत बेचिएका । बच्चाका आमा बनाएर बाबु बेपत्ता भएका अनाथ, आश्रयहीनका लागि ठुल्दिदीले काम गरेको रहेछ । पार्वतीले त्यहाँ पुगेपछि अर्कै संसार पाइन् । उनलाई आफ्ना अतीत बिर्सन सजिलो भयो । आँसु अब झर्दैन कि भन्ने लाग्यो । अस्तिसम्म गाडीमा ठोक्किएर मर्ने सोच्ने पार्वती परिवर्तित भइन् ।

ठुल्दिदीका कक्षा चल्न थाले । बिहान नुवाइधुवाइ गरेर सेतो कपडा लगाउँथे । लाग्थ्यो, सबैका पोइ मरेर बरखीमा छन् । हुन पनि कारूण र दारूण कथा त्यही थियो । पहिलो कक्षामा जीवन किन महत्वपूर्ण छ भनेर बाँच्ने उत्प्रेरणा जगाउँथे । ठुल्दिदीका साना ठुल्दिदीहरू । त्यसपछि अर्को कक्षामा औपचारिक शिक्षाहरू हुन्थे । त्यसपछिको कक्षा अबको जीवनको रोजाइ भन्ने थियो । यो कक्षामा सीप के सिक्ने, रहरका विषय हुन्थे । सिलाइबुनाइ, कपाल काट्ने, पसल थाप्ने, सहकारी, पशुपालन । चौथो कक्षा गाउँमा किन जाने र के गर्ने ? थियो । त्यसमा गाउँ गएर बाँच्ने, इलम गर्ने, हामीजस्ता दुःखमा परेकालाई साथ दिने र त्यो हविगत बनाउनेलाई दण्डको मुखमा पुऱ्याउने थियो ।

दिउँसो खाना खाएपछि घुमघाम, गफगाफ, टीभी, पत्रिका, फिल्म, खेलकुद हुन्थे । हरेक दिन पार्वतीजस्ता नयाँ युवती ठुल्दिदीमा थपिन्थे । नयाँ जुनीमा बाँच्ने कला सिक्ने र सिकाउने क्रम चलिरहन्थ्यो । माया, प्रेम, सद्भाव, बाँडिन्थ्यो त्यहाँ । रिस, आवेग, वितृष्णा हटाउन भनिन्थ्यो । ठुल्दिदीका ठूलीदिदीले शनिबार सबैलाई भेट्थे । गालामा म्वाइँ खान्थे । अब राम्रो गर्नुपर्छ भन्थिन् । जीवन सुन्दर छ, मर्नुहुन्न यत्तिकै भन्थिन् । सँगै खाना खाएर सबै बराबर भन्थिन् । त्यहाँ कसैको थर थिएन । घर नभएपछि थर के काम । सबैका नाम फरक थियो । घरमा पार्वती, कोठीमा स्विटी भएकी पार्वती ठुल्दिदीमा आशा भइन् पदस जीवनको नयाँ बाटो सुरू भयो ।

करिब ६ महिनापछि आशा फेरिइन् । औपचारिक पढाइ । व्यवहार परिवर्तन । नेतृत्वमा अवसर । उनी सहकारी, आयआर्जन र महिला सशक्तीकरणको विभागमा अगुवा भइन् । अब काठमाडौंमा थुप्रेर काम थिएन । गाउँमा गएर आमाबाबुलाई नै छोरी कोठी, सर्कसमा नपठाऊ भन्नु थियो । घर फर्केर अवहेलनामा बाँचेकालाई उद्धार गर्नु थियो । गाउँमा राजनीतिक परिवर्तन मात्र होइन, आर्थिक र सामाजिक परिवर्तन पुऱ्याउनु थियो । त्यसैले आशा सहकारीको कुरा लिएर गाउँ फर्कने भइन् ।

भारतको वेश्यालयको पीडा मकवानपुरमा थियो । त्यसमाथि हाँडीगाउँ आसपासका पदमपाखा, लालझाडी, चुरेमाइला गाउँमा पनि विवाहका नाममा छोरीहरू बेचिन्थे । मनाचुरी, स्याउलीबाङ उस्तै समस्यामा थियो । यिनै गाउँमा काम गर्ने गरी ठुल्दिदीले शाखा खोल्यो मकवानपुरमा । पाँच कर्मचारी थिए । आशा दुई नम्बरकी कर्मचारी थिइन् । जहाँ उनको फूलजस्तो जवानी लुटियो । फर्केर आउँदा मृत्युको मुखमा धकेलियो । त्यही गाउँमा परिवर्तनका सुर्काहरू खन्न, आशाका घाम देखाउन र चर्चरी पाकेर रगत र पीप बगाइसकेकालाई मल्हमपट्टि लगाउन आशा सहकारी नानी बनेर फर्किन् गाउँ ।

पार्वती कट्टेलका फेरिएको चक्र यही थियो । अब उनी आशा क्षेत्री भएकी थिइन् । उनका काला दिनहरू अतीत र इतिहास बनेका थिए । उनलाई भारतमै मजदुरी गर्ने उत्तम नेपाली र ठुल्दिदीले अर्को जुनी दिएका थिए । बाँकी जुनी अब उनले मुक्ति र उन्मुक्तिका लागि बिताउने प्रण गरिन् ।

झोलाबाट निकालेको फोटो हेरेर दाँत किटिक्टाइन्, 'तँलाई एक दिन कसो फेला नपारूँला ?' जेलको हावा नखुवाई कहाँ मरूँला ? लोग्नेको नाममा कलङ्क । यही सिलसिला जोडियो गाउँ जाने उनको ।

उनलाई कोठीको लालीको याद आयो । उत्तमदाइ भेट्टाउने लालीलाई सम्झेर आशा धेरै टोलाई । स्याउलीबाङकै म्हेन्दो थिई लाली । स्याउलीबजारमा जाँड छान्दै र डबका माझ्दै हुर्केकी लालीले गाउँको धेरै कुरा गरेकी थिई आशासँग । उसले पनि बाबुले भनेको एउटा केटोसँग हतारमा राति बिहे गरेर स्याउलीबजार छाडेकी थिई । उसले बाबुको कर हार्न सकिन र आफ्ना सारा रहर मारी । उसले आशालाई भनेकी थिई, 'घरछेउमै एउटा ठिटो थियो । सलामसिंह उर्फ पिचुर । भर्खर माया बस्दै थियो दोहोरो । धोका भयो उसलाई ।' उसले थपेकी थिई, 'गाउँ फर्कनुभयो भने खोज्नुस् स्याउलीबाङमा । म यस्ती अगतीमा परेँ । नभनिदिनु होला । हुन त अर्की बिहे गरेर आप्पा भइसक्यो कि ? अझै सपनामा देख्छु लगुलाई,' लाली लजाई । आशाले लालीको गुन पनि तिर्नु थियो । त्यसैले गाउँगाउँमा जानु नै थियो । उसलाई लालीलाई पनि फर्काउने धोको थियो । संस्थामा भनेकी पनि थिइन् ।

गाउँ फेरिएको छ बिस्तारै । परारभन्दा पोहोर, पोहोरभन्दा यसपालि । अस्तिभन्दा हिजो । हिजोभन्दा आज । सङ्घसंस्थाहरू गाउँ छिरेका छन् । दलाललाई गाह्रो भा'छ । गाउँका ठिटीहरू पनि विद्रोही भा'छन् । माओवादीमा गा'छन् । माओवादी बढेकाले गाउँमा चौकीहरू छैनन् । गाविस भवन जलेका छन् । गाउँ जनसरकार घोषणा हुन थालेको छ । एनजीओहरू पनि फिर्ता भएका छन् । केही चलेका छन् । पदमपाखाकै मान्छे हेटौँडा आउँदा प्रहरीले दुःख दिन्छ । माओवादीलाई भात खुवाएर पाल्न चौकीमा हामीलाई बस्न दिइनस्, आगो झोसिस् भन्छ । गाउँ र सहरबीच दूरी बढेको छ ।

विद्रोहको लप्का बढ्दै छ । अनेक बहानामा प्रहरी राति गाउँ छिर्छ । बन्दुक पड्काउँछ । अरूका छोरीबुहारी समाउँछ । बलात्कार गर्छ । लोग्ने, छोराहरू समातेर ल्याउँछ । थुन्छ, पिट्छ । फर्केर गाउँ जान्छ । गाउँमा ठिटाहरू आउँछन् । विद्रोहको रगत उमाल्छन् । अनि माओवादी हुन्छन् । अपमान, यातना, पीडा, श्रीमती र छोरीमाथि दुर्व्यवहार । साँच्चै नफेरिएको जुनी, राजनीतिक दलमा फटाहाहरूको जगजगी । परिवर्तन, विकास उनीहरूकै पेवा । हतियार छ माओवादीसँग । फकाउँछन्, सपना देखाउँछन् ।

हो, गाउँमा माओवादी गतिविधि ह्वात्तै बढेको छ । नयाँ मान्छेलाई गाउँ जान गाह्रो छ । गाउँका मान्छेलाई सहर आउन झन् गाह्रो छ । गाउँको स्रोतमाथि शोषक-सामन्तीको कब्जा हट्दै छ । अस्ति राति ठकुरी बडाबाकहाँ नै माओवादी गए । तीनवटा बन्दुक खोसे । धान लुटेर गाउँलेलाई बाँडे । जग्गा बेच्न पाइन्न भनेर झन्डा गाडे । गाउँमा बस्ने भए सामन्त हुन छाड्नु भने । बडाबालाई गाउँले ठाडो शिरले हेर्न सक्दैनथे, तर माओवादी ठिटाहरूको चड्कन खाए । 'कम्युनिस्टको विरोध गर्छस् बूढा,' गाउँका सब थरथर । बडाबाकहाँ पनि माओवादी छि(यो ।

मान्छेलाई निकै सकस भएको छ । गाउँबाट सदरमुकाम आउँदा पाँच ठाउँमा हिँड्नुपर्छ । झोला बोकेर आधा घन्टा हिँडाउँछन् । छामछुम पार्छन् । तनाव छ । शङ्का लागेका सोझा साझालाई झन् बढी दुःख छ । उठबस गराउँछन् । पिट्छन् । थुन्छन् । बुढीचौरका प्रकाश भण्डारीलाई ससुरालीबाट फर्कँदा बाटोमै समातेर सेनाले कति दिन बेपत्ता पाऱ्यो । एमालेका कृष्ण दाहालले चासो नदिएका भए र पत्रकारले समाचार लेखेर जीवन बचाउन अपिल नगरेका भए मारिने थिए सेनाबाट । स्याउलीबाङको बडाबाकहाँ माओवादी पसेपछि बूढा हेटौँडातिर बस्न थाले । उनी गाउँ जान डराइरहेका थिए । मार्छन् होला । बालबच्चा पनि हेटौँडा सार्ने सुरमा थिए । साँच्चै उनलाई माओवादी शत्रु लागेको थियो । सहरमा बसेर सेना र प्रहरीसँग उठबसमै बिताउन थाले दिन । साँझ टिल्ल रक्सी धोक्थे । कोठामा सुत्थे । घर किन्नका लागि पैसा बटुल्दै थिए । गाउँको जग्गा बेच्न माओवादीले रोकेको थियो ।

(उपन्यास स्याउली सिम्फोनीको अंश ।)

गजल/कविता

## सिमाना



कृष्ण बोगटी काका
धुम्बाराही –४, काठमाण्डौ
हालः चक्रबहिल –१२, ललितपुर

मरेकोले पनि कुट्यो
मुर्दालेनि कुट्यो मलाई मसानबाट उठी,
अधिकारकर्मी भन्नेले लियो इज्जत डलर साटी ।
कलीयुगी संसारमा बस्ने हामी मान्छे,
सिधा साधालाई अधिकारकर्मीले जेल लाने ।
कलियुगमा विश्वास हुन्न अधिकारकर्मी हर्को,
सडक बच्चाको फोटो बेची आफ्नै घर बनाउनेको ।
नेपालको जस्तो निति नियम अन्त पनि छ कि ?
गरीवको फोटो बेची पजेरो २/२ घर बन्छ की ?
गरीवले विरोध गर्न भ्रष्टाचारीको हुन्न,
सडक बच्चा फसाई खानेलाई कानुनले छुन्न ।
अधिकारको नाम बदनाम गरी परिवरमा झगडा पार्छ,
राम्रो काम गरे भनि विदेशी संग डलर झार्छ ।
नेपालका अधिकारकर्मी धेरै गरीव मारा,
कोई कोई राम्रा छन तर कामै गर्न दिन्न बरा ।
श्रमिकले दुःख मेहनत गरे उस्को पद बढ्छ,
पारिश्रमिक दिनु पर्दा मुटुमा गाँठो पर्छ ।
२४ घण्टा मजदुरी तिनै गरीवले गर्छ,
लाजै नमानेर अधिकारकर्मीले आफ्नो पेट भर्छ ।
काम लगाउछ गरीवलाई फल खान्छ आफै,
गरीवले राम्रो काम गरे भ्रष्टाचारी बन्छ मपाई ।
सडक बच्चा र गरीवलाई साथ दिन छाड्यो,
डलरले घर भरेपछि तिनै गरीवलाई छोड्यो ।
कतिन्जेल हेला गर्छौ सडक बच्चालाई,
एक दिन सिद्धिने छ विदेशी डलर खाई ।
श्रमिकले श्राप दिए लाग्छ तिमीलाई हेर,
मानव अधिकारको कुर्सीकाट जान्छौ पल्टिएर ।
नाम मात्र राम्रो तिम्रो काम गरीव मार्ने,
सडक बच्चाको फोटो बेची परिवारै तार्ने ।
पहिला साईकल नहुनेले प्लेनमा अैले उड्यो,
सडक बच्चाको फोटो बेची पजेरोमा गुड्यो ।
पैला झोला बोकी हिड्ने गथ्यो एमालेको,
अैले गरीव फसाएर आफै भाछ मालिक ।
आफ्नो कुर्सी पावर जान्छ कि त भनि,
विरोधीलाई पाखा लायो डलरले हानी ।
जिपन्टमा दर्ता गर्न हाम्ले सिविन आट्या,
पैसा पावर जान्छ भनि गौरी नै हामी संग फाट्या ।
गरीवको पिर व्यथा नबुझ्नेलाई के था,
अदालतमा रातो कलम चलाउनेलाई के था ।
गरीवको छटपटाई र आलो घउको व्यथा,
दुःखी गरीव बाँच्नै गाह्रो यस्तै त भैरहेछ ।
आत्मा उस्तै रगत उस्तै के मा भिन्न देख्यो,
कानुनको किताबमा किन गरीव मात्र लेख्यो ।
पैला पैला भ्रष्टाचारी देखि साह्रै डराउने,
अैले हाका हाकी मुखै फोरी माग्न थाले ।

डा. जेवि पाठक
शितल होमियोप्याथिक फार्मेसी
लायन्सचोक, नारायणगढ

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।

(विरामी जाँच्ने समय : विहान ११ वजे देखि साँझ ६ वजेसम्म)

# साधारणसभाको मिति तोक्न महासंघले बोलायो असार ८ गते कार्यकारिणी समितिको बैठक




काठमाडौं । साधारणसभाको मिति तोक्नको लागि नेपाल उद्योग वाणिज्य महासंघले असार ८ गते कार्यकारिणी समितिको बैठक बोलाएको छ ।

महासंघको बसेको पदाधिकारी बैठकले साधारणसभाको मिती तोक्नको लागि कार्यकारिणी बैठक बोलाउने निर्णय गरेको थियो । कार्यकारिणी बैठक बोलाउनको लागि १५ दिनको समय दिनुपर्ने व्यवस्था महासंघको विधानमा छ । असार ८ गते बोलाउने बैठकले महासंघको साधारणसभाको मिती तय गर्ने छ । कोरोना भाइरसको कारण गरिएको लकडाउन गर्दा महासंघको साधारणसभा अनिश्चित बनेको छ । चैत २७ र २८ गतेका लागि बोलाइएको साधारणसभा लकडाउनको कारण स्थगित भएको थियो ।

# सिटी एक्सप्रेस मनी ट्रान्सफरले गर्‍यो अभिकर्ताको कोरोना बीमा

काठमाडौं । सिटी एक्सप्रेस मनी ट्रान्सफरले आफ्ना अभिकर्ताहरुको कोरोना बीमा गराएको छ ।

कोरोनाको संक्रासको समयमा पनि थप उत्साह र उच्च मनोबलका साथ हौसला प्रदान गर्नको लागी अभिकर्ताहरुको बीमा गराइएको मनी ट्रान्सफरले जानकारी गराएको छ ।

एक्सप्रेसले अत्यावश्यक सावधानी अपनाउँदै नविनतम प्रविधीको अधिकतम प्रयोग गर्दै लकडाउनको अवस्थामा पनि आफ्ना सेवाग्राहीहरुलाई विप्रेषण सेवा प्रदान गर्दै आइरहेको जनाएको छ ।

सिटी एक्सप्रेस मनी ट्रान्स्फरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १३ वर्ष देखि कोरिया, जापान, कतार, साउदी, कुवेत, मलेसिया, अष्ट्रेलिया, युके, अमेरिका लगायत थुप्रै देशहरु मार्फत विप्रेषण सेवा प्रदान गर्दै आईरहेको छ ।


आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका ८००० भन्दा बढी सेवा केन्द्रहरुबाट छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम

जम्मा गर्ने र मोबाइल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आईरहेको छ ।













जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस